जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १९ • २०८३ साल जेठ २५ गते सोमबार (8 June, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–

## जनकपुरधाममा नायक



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को जनकपुरधामउपमहानगरपालिकाको सभापतिमा ललन नायक निर्वाचित भएका छन् । उनले आफ्ना प्रतिद्वन्द्वीलाई ३४ मतको फराकिलो अन्तरले पराजित गरेका हुन् ।

उनले १ सय ५ मत प्राप्त गरी निर्वाचित भएका छन् । उनका एकमात्र प्रतिद्वन्द्वी जितेन्द्र महासेठले ७१ मत प्राप्त गरे ।

पहिलो पटक उपमहानगर सभापतिमा निर्वाचित भएका नायक तदर्थ समितिको सभापति थिए । उनी उपमहानगरको संस्थापक सभापति रहेका छन् ।

प्रतिनिधि सभाको निर्वाचनमा नायकको सक्रियताले रास्वपाका उम्मेदवारलाई भारी मत प्राप्त भएको थियो ।

जनकपुर उद्योग वाणिज्य संघको सभाहलमा भएको मतदानको परिणाम साँझ सार्वजनिक गरिएको थियो । जनकपुरधाम उपमहानगरपालिकाको २५वटाका वडा प्रतिनिधिहरुले चुनावमा भाग लिएका थिए ।

मधेश प्रदेशको राजधानी समेत रहेको जनकपुरधाम नगर समितिको सभापतिसहित पदका लागि भएको चुनावमा रास्वपाका प्रवक्तासमेत रहेका स्थानीय सांसद मनिष झाले पनि चासो लिएका थिए । अघोषित रुपमा उनले महासेठलाई सघाएको बताइएको छ ।

यसअघि जनकपुरधाम उपमहानगरकोसभापतिकोचुनावमावडा कमिटीका सभापतिहरुलाई मात्र सहभागी गराइएको थियो । त्यसमा पनि नायक नै विजयी भएका थिए । तर त्यो चुनाव वैधानिक प्रक्रियाबाट नभएको भन्दै रद्द गरिएको थियो ।

## मधेश प्रदेशमा सबै अधिवेशन स्थगन

# महोत्तरी, सर्लाही, रौतहट, पर्सा र सिरहाको नेतृत्व चयनमा विवाद

**टुडे समाचारदाता**

जनकपुरधाम ।राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को मधेश प्रदेशको कुनै जिल्लामा अधिवेशन टुंगिएको छैन । मधेश प्रदेशको पाँच वटा जिल्लामा आइतबार अधिवेशन हुने तोकिएको थियो ।

तर कुनै जिल्लामा अधिवेशन सम्पन्न हुन सकेको छैन । केही जिल्लामा नाराबाजी भएको छ । सिरहा जिल्लामा सोमबार जिल्ला नेतृत्वका लागि चुनाव गराउने सहमति भएपछि अधिवेशन स्थगित गरिएको छ ।

महोत्तरी जिल्लामा अधिवेशन स्थगन गराउन असन्तुष्ट पक्षले चर्को नाराबाजी गरेका थिए । अधिवेशन हल बाहिर चर्का नाराबाजी गर्न थालिएपछि अधिवेशन स्थगन गरिएको सूचना निर्वाचन समितिले जारी गरेको छ । चुनावको तिथि तोकिएको छैन । अर्को सूचना प्रकासित भएपछि मात्र चुनाव हुने जनाइएको छ ।

सिरहा जिल्लामा अधिवेशनको उद्‌घाटन सत्र सम्पन्न भए पनि सर्वसम्मतिबाट नेतृत्व चयन गर्ने प्रयास विफल भएको छ । मधेश प्रदेशका सभापति समेत रहेका सांसद तपेश्वर यादवको गृह जिल्ला समेत रहेको सिरहामा सोमबार चुनाव गराउने सहमति भएको छ । जिल्ला नेतृत्वको लागि सिरहामा दुई समूह प्रतिस्पर्धा गर्ने अडान नछाडेपछि लोकतान्त्रिक प्रक्रियाबाट नेतृत्व चयन गर्ने सहमतिमा निर्वाचन समिति पुगेको छ ।

सिरहा जिल्लामा सांसदहरुको गुटबन्दीले जिल्ला नेतृत्वमा सहमति हुन नसकेको बताइएको छ । पुराना र नयाँ नेता, कार्यकर्ताबीच जिल्लामा चर्को द्वन्द्व देखिएको छ । जिल्ला अध्यक्षमा हरी प्रसाद मैनाली फेरि उम्मेदवारी दिने सुरमा छन् । उनी संस्थापक जिल्ला सभापति हुन् । समानुपातिक सांसद पुरुषोत्तम यादवले रामसोगारथ यादवलाई च्यापेका छन् । प्रदेश सभापति तपेश्वर यादवले शुभाष कुमार यादवलाई च्यापेका छन् । अन्य सांसदहरु खुलेका छैनन् । तर पुरुषोत्तम यादवले रामसोगारथ यादवलाई पार्टीमा प्रवेश गराएका हुन् । उनी दुई पटक नरहा गाउँपालिकामा झिनो मतान्तरले पराजित भएका नेता हुन् । पहिले उनी जसपा नेपालमा थिए ।



सिरहामा भएको उदघाट्न सत्रको फोटो

पुरुषोत्तम र तपेश्वर यादव एउटै निर्वाचन क्षेत्रको भएकाले दुबै जना आफ्नो वर्चस्व कायम गर्न उम्मेदवार उठाएका छन् । सिरहामा संस्थापक सभापति मैनाली, रामसोगारथ यादव र सुभाष यादवले सभापतिमा उम्मेदवारी दिएका छन् । निर्वाचन समितिको संयोजक डा.इन्द्रजीत प्रसाद महतोले जनाए अनुसार चुनावको प्रक्रिया सोमबार बिहान १० बजेबाट अगाडी बढ्ने छ । उनले जारी गरेको सूचनामा सोमवार बिहानदेखि मतदान हुने उल्लेख छ ।

यसैबीच सर्लाहीको आइतबार हुने जिल्ला अधिवेशनमा प्रक्रियागत काम पूरा नभएको भन्दै अनिश्चितकालका लागि स्थगित गरिएको छ । निर्वाचन समितिले अर्को सूचना जारी नभएसम्मका लागि अधिवेशन स्थगित गरिएको जनाएको छ ।

सर्लाहीको हरिवनस्थित सरस्वती पार्टी प्यालेसमा आइतबार आयोजना गरिएको अधिवेशनमा जिल्लाभरबाट प्रतिनिधि तथा कार्यकर्ताहरू सहभागी भएका थिए । तर अपराह्न करिब पौने ४ बजे निर्वाचन समितिले सूचना जारी गर्दै अधिवेशन स्थगित भएको जानकारी गराएको हो ।

जिल्ला निर्वाचन संयोजक डा. जयप्रकाश महतोले मतदाता नामावली, पालिका अधिवेशनसम्बन्धी कागजात तथा निर्वाचित प्रतिनिधिहरूको विवरण अद्यावधिक गर्ने कार्य पूरा नभएकाले निर्वाचन प्रक्रिया अघि बढाउन नसकिएको बताए ।

'पालिका अधिवेशनका आवश्यक कागजातहरू अपूर्ण छन्' उनले भने, निर्वाचित प्रतिनिधिहरूको विवरण केन्द्रीय डिजिटल पोर्टलमा प्रविष्ट हुन बाँकी छ । स्वीकृत कार्यविधिअनुसार कतिपय प्रक्रियामा प्राविधिक त्रुटि पनि देखिएकोले तत्काल निर्वाचन प्रक्रिया सञ्चालन गर्न सम्भव नभएको उनले बताए ।

वर्तमान जिल्ला सभापति तथा सभापति पदका उम्मेदवार समेत रहेका सरोज बानियाँले पार्टीको आधिकारिक डिजिटल पोर्टलमा विवरण अद्यावधिक गर्ने क्रममा प्रक्रियागत त्रुटि भएको दाबी गरे ।

आफू संस्थापक सभापति रहेको र पहिलो अधिवेशनबाट पूर्णता पाउनुपर्ने दाबी गर्दै पुनः उम्मेदवारी दिने जनाएका छन् । तर युवाहरुमाझ अत्यन्त लोकप्रिय कृष्णनन्दन यादवले पनि सभापतिमा उम्मेदवारी दिने घोषणा गरेपछि बानियाँले छलछाम गरी अधिवेशनलाई रोकेको आरोप लागेको छ ।


मधेश प्रदेशको अधिवेशन जेठ २८ गते घोषणा भइसकेको छ । त्यस अगावै जिल्ला अधिवेशनहरु टुंग्याउनु पर्नेछ । रोकिएका जिल्लाहरुमा पनि त्यस अगावै अधिवेशन गराइने तयारी भइरहेको छ ।

मधेश प्रदेशमा ८ वटा जिल्ला छन् । त्यस मध्ये कुनै जिल्लामा अधिवेशन सम्पन्न हुन सकेको छैन । जिल्ला अधिवेशनमा विवाद देखिएकोले प्रदेश अधिवेशनपनि समयमै हुनेमा रास्वपाका नेताहरु विश्वस्त हुन सकेका छैनन् ।

धनुषा जिल्ला कार्यालयमा तालाबन्दी गरिएको छ । धनुषाधाम नगरपालिकामा अधिवेशन हुन सकेको छैन । पर्सा र बारा जिल्लामा पनि अधिवेशन रोकिएको छ । रौतहट जिल्लामा पनि अधिवेशन हुन सकेको छैन । महोत्तरी र सप्तरी जिल्लामापनि नेतृत्व चयनमा समस्या भएको छ ।

मधेश प्रदेशमा ३० जना सांसद प्रत्यक्ष निर्वाचित छन् । उनीहरुले आफ्नालाई छान्न सक्रिय भएको कारण विवाद बढेको बताइन्छ । मधेश प्रदेशमा नयाँ र पुरानाबीच पनि विवाद चर्किएको छ ।

# स्थानीय तहको अनुदान कटौती गर्दै मधेश सरकार




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले स्थानीय तहको अनुदान कटौती गर्ने भएको छ ।

मधेश प्रदेशमा पर्ने १३६ वटामध्ये अधिकांश स्थानीय तहले कानुन बमोजिम राजस्व नबुझाएकाले ती स्थानीय तहलाई प्रदेश सरकारले सशर्त, विशेष र समपूरक अनुदान रोक्का गर्ने तयारी थालेको छ । १३६ स्थानीय तहमध्ये २५ वटा स्थानीय तहले मधेश प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बाँडफाँटको रकम लामो समयदेखि प्रदेश सञ्चित कोषमा दाखिला नै गरेका छैनन् । ती स्थानीय तहबाट कुल ६२ करोड २९ लाख ५९ हजार २३२ रुपैयाँ प्रदेश सरकारलाई प्राप्त हुन बाँकी रहेको जनाइएको छ ।

मधेश प्रदेश सरकारले पटक पटक ताकेता गरे पनि सम्बन्धित पालिकाले राजस्व बाँडफाँटको रकम प्रदेश सञ्चित कोषमा जम्मा नगरेपछि यस्तो कदम बाध्य भइ चाल्ने तयारी थालिएको बताइन्छ । केही दिनअघि महालेखापरीक्षकले सार्वजनिक गरेको आठौं वार्षिक प्रतिवेदनमा स्थानीय तहहरूले प्रदेश सरकारलाई बुझाउनु पर्ने राजस्व बाँडफाँटको रकम नबुझाएको उल्लेख गर्दै बेरुजु औंल्याइए छ ।

सोही प्रतिवेदन अनुसार अर्थ मन्त्रालयले तयार गरेको प्रतिवेदनमा २५ वटा स्थानीय तहले ६२ करोड २९ लाख ५९ हजार २३२ रुपैयाँ प्रदेश सरकारलाई नबुझाएको देखिएको बताइन्छ । प्रतिवेदन अनुसार बाराको निजगढ नगरपालिकाले सबैभन्दा बढी राजस्व बाँकी राखेको छ ।

निजगढ नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० देखि ढुंगा, गिट्टी, बालुवाको रोयल्टी तथा विज्ञापन करबापत प्रदेश सरकारलाई बुझाउनुपर्ने २३ करोड ९२ लाख ७० हजार रुपैयाँ नबुझाएको हो । यसमध्ये विज्ञापन करबापत मात्रै २ लाख ८ हजार रुपैयाँ बाँकी रहेको छ ।

त्यस्तै धनुषाको गणेशमान चारनाथ नगरपालिका, धनुषाधाम नगरपालिका र मिथिला नगरपालिकाले क्रमशः ३ करोड ८२ लाख ३९ हजार, १६ लाख ८० हजार र १ करोड ३५ लाख ४७ हजार रुपैयाँ आर्थिक वर्ष ०७९/०८० देखि प्रदेश सरकारलाई बुझाएका छैनन् ।

महोत्तरीको भंगाहा नगरपालिकाले १ करोड ७ लाख ८३ हजार, बर्दिबास नगरपालिकाले २ करोड ८५ लाख ३५ हजार तथा गौशाला नगरपालिकाले ६४ लाख ६० हजार रुपैयाँ प्रदेश सरकारको कोषमा जम्मा गरेका छैनन् ।

त्यस्तै सर्लाहीको बसबरिया गाउँपालिकाले ५ लाख ४३ हजार, हरिपुर नगरपालिकाले १७ लाख २२ हजार, ईश्वरपुर नगरपालिकाले ९२ लाख ५६ हजार, लालबन्दी नगरपालिकाले ७४ लाख ४२ हजार र बागमती नगरपालिकाले ६७ लाख ७७ हजार रुपैयाँ राजस्व बाँडफाँडबापतको रकम प्रदेश सरकारलाई बुझाएको छैन ।

त्यस्तै सिरहाको लहान नगरपालिकाले १ करोड ५० लाख ६० हजार, कर्जन्हा नगरपालिकाले ७७ लाख ३६ हजार, मिर्चैया नगरपालिकाले १६ लाख ८१ हजार, धनगढीमाई नगरपालिकाले २७ लाख १८ हजार तथा गोलबजार नगरपालिकाले ८० लाख १२ हजार रुपैयाँ बुझाउन बाँकी छ ।

त्यसैगरी रौतहटको गौर नगरपालिकाले ६२ लाख, चन्द्रपुर नगरपालिकाले ३८ लाख ३० हजार, जितपुर-सिमरा उपमहानगरपालिकाले १ करोड ३५ लाख ५१ हजार तथा कोल्हवी नगरपालिकाले ५ करोड ८३ लाख ८८ हजार रुपैयाँ राजस्व बाँडफाँडबापत प्रदेश सरकारलाई बुझाएका छैनन् ।

पर्साको जिराभवानी गाउँपालिकाले १३ लाख ९७ हजार, पर्सागढी नगरपालिकाले ८ लाख १७ हजार तथा वीरगञ्ज महानगरपालिकाले २ करोड ३५ लाख ३४ हजार रुपैयाँ प्रदेश सरकारलाई तिर्नुपर्ने राजस्व बाँडफाँडको रकम नबुझाएको महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनमा जनाइएको छ ।

अर्थ मन्त्रालयकी राजस्व अधिकृत चाँदनी दलामीले प्रतिवेदनमा उल्लेख गरिएको रकमभन्दा बढी राजस्व पनि स्थानीय तहबाट उठाइएको हुनसक्ने सम्भावना रहेको जानकारी दिइन् । उनले भनिन्, 'हामीले महालेखापरीक्षकको प्रतिवेदन अध्ययन गर्दा यति रकम नबुझाइएको पायौं । तर, सम्बन्धित पालिकामै गएर विस्तृत अध्ययन गर्ने हो भने योभन्दा बढी रकम पनि फेला पर्न सक्छ ।'

उनले जनाए अनुसार आर्थिक वर्ष २०७९/८० देखि नै कतिपय पालिकाले राजस्व उठाए पनि प्रदेश सरकारलाई त्यसको हिस्सा पठाएका छैनन् ।

अर्थमन्त्री युवराज भट्टराईले कानुन बमोजिम तोकिएको राजस्व बाँडफाँटको रकम नबुझाउने स्थानीय तहलाई प्रदेश सरकारले उपलब्ध गराउने सशर्त, विशेष तथा समपूरक अनुदान रोक्क ागर्ने गरी कानुनी व्यवस्था गर्नका लागि प्रक्रिया अघि बढाइएको बताए ।

अर्थमन्त्री भट्टराईले भने, ' प्रदेश सरकारले स्थानीय तहलाई विभिन्न अनुदान उपलब्ध गराइरहेको छ । तर स्थानीय तहबाट प्रदेश सरकारले पाउनुपर्ने राजस्व प्राप्त भइरहेको छैन । त्यसैले कानुन बमोजिम राजस्व नबुझाउने स्थानीय तहलाई मधेश प्रदेश सरकारले दिने सशर्त, विशेष तथा समपूरक अनुदान रोक्ने व्यवस्था गर्न लागेका छौं ।'



# प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रति मतदाता खर्च घट्दो




काठमाण्डु । राजनीतिक दल र उम्मेदवारका लागि पछिल्ला चुनाव खर्चिलो हुँदै गएकाबेला निर्वाचन व्यवस्थापनमा सरकारी कोषबाट प्रति मतदाता खर्च भने घट्दो देखिएको छ ।

निर्वाचन आयोग, नेपालले तुलनात्मक रूपमा कम खर्चमा गत फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सम्पन्न गराएको समीक्षा प्रतिवेदनबाट देखिएको छ । प्रति मतदाता कति खर्च तुलनात्मक रूपमा कम देखिएकाले निर्वाचन व्यवस्थापनको खर्च मितव्यी देखिएको हो ।

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी, विश्वसनीय मितव्यी र पारदर्शी निर्वाचन गराउने नेपाल सरकार र निर्वाचन आयोगको लक्ष्यअनुसार पछिल्लो निर्वाचनमा प्रति मतदाता खर्च रु २६४ मात्रै भएको निर्वाचन समीक्षाबाट देखिएको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचनका लागि कुल रु चार अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ खर्च भएका कुल खर्चलाई कूल मतदाताले भाग गर्दा प्रति मतदताको लागत विगतको तुलनामा कम निस्किएको हो । विसं २०७९ मा एकै साथ प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन हुँदा प्रति मतदाता करिब रु ४५० खर्च भएको थियो ।

उक्त निर्वाचनमा विभिन्न जिल्ला र स्थलमा मतदान स्थगन भई पुनःमतदानसमेत गर्नुपरेको थियो । पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट रु सात अर्ब ८१ करोड पाँच लाख ७६ हजार माग भएकामा अर्थ मन्त्रालयबाट रु छ अर्ब ७१ करोड ९२ लाख ८७ हजार २०० स्रोत सुनिश्चितता भएको थियो । निर्वाचनमा पुरूष, महिला, अन्य र अस्थायी मतदता गरी कुल मतदाता एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता थिए ।

निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचनका एक करोड ११ लाख ६८ हजार ३२ ले मतदान गरेकामा एक करोड पाँच लाख ५९ हजार १७ (९४ दशमलव ५५ प्रतिशत मत सदर भएको थियो । समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ८१७ ले मतदान गरेकामा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो । दुवै प्रणालीको निर्वाचनतर्फ औसत चार दशमलव सात प्रतिशत मत बदर भएको थियो । अघिल्लो निर्वाचनका तुलनामा यो घट्दो संख्या हो ।

आयोगले सो निर्वाचनबारे काठमाण्डु उपत्यका बाहिरका छ प्रदेशस्तर र काठमाडौँमा केन्द्रीयस्तरको समीक्षा कार्यशाला गरेर सरोकार भएका पक्षसमक्ष निर्वाचनमा ५० सामग्री प्रयोग भएकामा ३७ सामग्री प्रदेश तथा जिल्लास्तरबाट खरिद गरिएका थिए भने १३ सामग्री आयोगबाट खरिद तथा छपाइ गरी गरिएको जानकारी दिएको छ ।

आयोगमा मौज्दात रहेका मतपेटिका, मतपत्र छपाइमा प्रयोग भएको कागजलगायत सामग्रीबाट प्रयोग गरिएको र आयोगले खरिद गर्ने सामग्री सरकारी निकायसँग ' जिटुजी' प्रक्रियाबाट मोलमोलाई गरेर खरिद गरिएकाले निर्वाचन मितव्यी भएको प्रवक्ता भट्टराईले बताउनुभयो ।

आयोगले मतपत्र छपाइको कार्य जनकशिक्षा सामग्री केन्द्र लिमिटेडबाट, अन्य सामग्री छपाइ साझा प्रकाशन र निर्वाचन सामग्रीको खरिद खाद्यसुरक्षा तथा व्यापार लिमिटेडबाट गरेको थियो ।

आयोगले गरेको निर्वाचन समीक्षा कार्यशालामा सरोकार भएका पक्षले विदेशमा रहेका मतदाता रहेका नागरिको मताधिकार, अन्तरजिल्ला मतदान, निर्वाचनको आवधि कार्यतालिका किटान, 'नो भोट', 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' विद्युतीय मतदातलगायत विषयमा एकीकृत कानुनको तर्जुमा गर्नुपर्ने सुझाव दिइएको छ । मतदाता शिक्षा प्रभावकारी बनाई बदर मत अझ घाउनुपर्ने, निर्वाचन कानून तथा आचारसंहिता परिपालनासम्बन्धी कानुनका सम्बन्धमा निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दललगायत सरोकारवाला निकायलाई पर्याप्त अभिमुखीकरण गरिनुपर्नेलगायत सुझाव आएका छन् ।

निर्वाचनसम्बन्धी विषयमा सामाजिक सञ्जालको नियमन प्रभावकारी रूपमा हुनुपर्ने, उम्मेदवारको मनोनयन दर्तामा धरौटी जम्मा नगदमा नभई डिजिटल माध्मबाट गर्नुपर्ने र निर्वाचन खर्च अनुगमनलाई बैंकिङ प्रणलीबाट भए/नभएको अनुगमन गरिनुपर्ने सुझाव आएको आयोगले जनाएको छ ।

"मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक प्रक्रियालाई नागरिकमैत्री शुद्ध, समावेशी र सुरक्षित बनाउन आयोगले प्रयासरत छ । मतदानस्थल पुनरावलोकन गरी पहुँचयोग्य बनाउने कार्यमा जोड दिइएको छ", आयोगको समीक्षा प्रतिवेदनमा भनिएको छ, "आधुनिक र प्रभावकारी निर्वाचन शिक्षा र सूचना प्रणाली तथा प्राविधिक र कानुनी सुधारका माध्यमबाट निर्वाचन व्यवस्थापन प्रभावकारी बनाउन आयोग निरन्तर क्रियाशील रहेको छ ।"

यसैगरी, आचारसंहिता उल्लङ्घनकर्ताको अभिलेख राखिनुपर्ने, आचारसंहिता निर्धारण गर्दा लचकता अपनाउने तर पालनामा कडाइ गर्ने र निर्वाचन आचारसंहिता पूर्ण पालनामा गराउनुपर्ने सुझाव पनि आयोगलाई प्राप्त भएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।रासस

## जनस्वास्थ्यमा सुधार ल्याउन सरकार प्रतिबद्ध छः स्वास्थ्यमन्त्री मेहता

काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले खाद्यजन्य रोग गम्भीर जनस्वास्थ्य चुनौतीका रूपमा रहेकाले त्यसको सामनाका लागि जनस्वास्थ्यमा आवश्यक सुधार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

विश्व खाद्य स्वच्छता दिवसको अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै उहाँले खानपानको सुनिश्चितामार्फत जनस्वास्थ्य सुधार ल्याउन सरकार सदैव प्रतिबद्ध रहेको बताउनुभएको छ । उहाँले सरकारले खाद्य स्वच्छतालाई सुदृढ बनाउन खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रभावकारी कार्यन्वयनलाई उच्च प्राथमिकता राखिएको बताउनुभयो ।



यसका साथै खाद्य परीक्षण प्रयोगशालाको सबलीकरण, जोखिममा आधारित बजार अनुगमन र नीतिगत सुधारका कार्यलाई तीव्रता दिइने शुभकामना उल्लेख गरिएको छ । खाद्यपदार्थको उत्पादनदेखि उपभोगसम्मको सबै प्रक्रियामा स्वच्छता कामय राख्नु सरकारको जिम्मेवारी रहेको उल्लेख गर्दै मन्त्री मेहताले यसका लागि असल कृषि अभ्यास, असल उत्पादन अभ्यास र उचित भण्डारण जस्ता विधिहरू अवलम्बन गर्न जरुरी रहेको बताउनुभएको छ ।

उहाँले असल अभ्यासले बजारमा गुणस्तरीय खाद्यपदार्थको उपलब्धता सुनिश्चित गर्नुका साथै अस्वस्थ्यकर खानपानबाट हुने मानवीय क्षति र आर्थिक भारलाई कम गर्ने उल्लेख गर्नुभयो ।

मन्त्री मेहताले यस दिवसले खाद्य शृङ्खलामा आबद्ध उत्पादक, व्यवसायी तथा उपभोक्तालगायत सबै सरोकारवालाई स्वच्छ खानपानको महत्त्व आत्मसात गर्न र आआफ्नो भूमिकाप्रति थप जिम्मेवार बन्न प्रेरणा मिलोस् भन्ने कामनासमेत गर्नुभएको छ ।

आज नेपालसहित विश्वभर 'सबैतिर स्वच्छ खानपान, खाद्यजन्य समस्याको पहिचान' भन्ने मूल नाराका साथ दिवस मनाइँदै छ । विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनअनुसार प्रत्येक वर्ष ६० करोड मानिसले दूषित खानाका कारण बिरामी पर्ने र चार लाख २० हजार मानिसले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेको छ । रासस

## मधेश प्रदेशमा काँडेभ्याकुर



काठमाण्डु । नेपालमा मात्र पाइने काँडेभ्याकुर चराको पहिलोपटक मधेस प्रदेशमा फेला परेको छ । समुद्री सतहदेखि चार सय ४३ मिटरको उचाइमा रहेको चुरे वन क्षेत्रपर्ने बाराको जितपुरसिमरा उपमहानगरपालिका-२२ को दुधौरा खोला नजिकै उक्त चरा फेला परेको हो ।

चराविद् हठन चौधरी र सुरज बरालले चरा अवलोकनका क्रममा यही जेठ २१ गते दुधौरा खोलाको पूर्वी शाखा खोला किनारमा यस चराको अभिलेख गर्नुभएको नेपाल पन्छीविद् सङ्घले जनाएको छ ।

चरा अवलोकनका क्रममा वन विज्ञान अध्ययन संस्थान, हेटौँडा क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थी आंशिष पन्त, सुमीसिंह ठकुरी र निश्चल पोखरेल पनि सहभागी हुनुहुन्थ्यो । उचाइका दृष्टिकोणले यो हालसम्मकै सबैभन्दा कम उचाइमा काँडेभ्याकुरको पहिलो अभिलेख गरिएको हो ।

नेपाल पन्छीविद् सङ्घ र मिथिला 'वाइल्डलाइफ ट्रस्ट'को संयुक्त सहकार्यमा हाल मधेस प्रदेशका आठवटै जिल्लामा चरा सर्वेक्षणको काम भइरहेको छ । पहिलो चरणको सर्वेक्षण जाडोयामलाई लक्षित गरी गत माघ-फागुनमा गरिएको थियो भने दोस्रो चरणमा गर्मीयाम लक्षित सर्वेक्षण हाल यही जेठ १८ गतेदेखि सुरु गरिएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भूसंरक्षण विभागको अनुमतिमा पर्सा राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र मधेस प्रदेशका आठै जिल्लाका डिभिजन वन कार्यालयहरूसँग समन्वय गरी सर्वेक्षण सुरु भएको जनाइएको छ ।रासस

## पावर लिफ्टिङ्ग प्रतियोगिता सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा प्रदेशस्तरीय पावरलिफ्टिङ्ग प्रतियोगिता सम्पन्न भएको छ । मधेश प्रदेशका ८ वटै जिल्लाबाट पुरुष र महिला दुवैतर्फका खेलाडी प्रतियोगितामा सहभागिता छन् ।

शक्तिशाली युवा शक्तिशाली नेपाल भनेर जनकपुर स्ट्रोन्गेस्ट मैनद्वारा आयोजित प्रदेशस्तरीय बेन्च प्रेस एण्ड डेडलिफ्ट चैम्पियनसीप २०८३ मा बेन्च प्रेस, डेडलिफ्ट खेलमा पुरुषतर्फ ५१ देखि ६०, ६१–७०, ७१–८०, ८१–९० र ९१ किलोग्रामभन्दा बढी तौलको खेल आयोजना गरिएको थियो ।

यस्तै महिलातर्फ ४५–५५ र ५५–६५ किलोग्राम तौल समूहको प्रक्रिया राखिएको थियो । सो प्रतियोगितामा प्रदेशभरिका जीम क्लबहरुबाट छनौट भएर आएका खेलाडीहरुले सहभागिता जनाएको थियो ।

सन्नी सिंहको संयोजकत्व र विजय भगतको प्रमुख आतिथ्यमा सम्पन्न सो खेलमा विजयी खेलाडीहरुलाई मेडल, कप, ट्रफी लगायतका पुरस्कार सम्मानपत्र प्रदान गरिएको जनाइएको छ ।

## आज विश्व खाद्य सुरक्षा दिवस, दूषित खाद्यवस्तुका कारण बर्सेनि ६० करोड मानिस बिरामी




काठमाण्डु । दूषित खाद्यवस्तुका कारण विश्वभर हरेक वर्ष करिब ६० करोड मानिस बिरामी पर्ने गरेको तथ्यांक सार्वजनिक भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अनुसार खाद्यजन्य रोगका कारण वार्षिक करिब चार लाख २० हजार जनाको मृत्यु हुने गरेको छ ।

यही सन्दर्भमा सुरक्षित खाद्यवस्तुको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्न आज विश्वका विभिन्न भागमा विविध कार्यक्रमका साथ विश्व खाद्य सुरक्षा दिवस मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् २०१८ मा एक प्रस्ताव पारित गर्दै जुन ७ लाई विश्व खाद्य सुरक्षा दिवसका रूपमा घोषणा गरेअनुरुप सन् २०१९ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । दिवसको प्रवर्द्धन तथा समन्वय विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले संयुक्त रूपमा गर्दै आएका छन् ।

पर्याप्त मात्रामा सुरक्षित र पोषणयुक्त खाद्यवस्तुमा पहुँच मानव जीवन, स्वास्थ्य र समग्र कल्याणका लागि अपरिहार्य मानिन्छ । दूषित खाना वा पानीमार्फत शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया, भाइरस, परजीवी तथा रासायनिक पदार्थका कारण विभिन्न खाद्यजन्य रोग फैलिने गर्छन् । यस्ता जोखिमहरू प्रायः नाङ्गो आँखाले देख्न नसकिने भएकाले खाद्य सुरक्षालाई अझ चुनौतीपूर्ण विषयका रूपमा हेरिएको छ ।

डब्ल्युएचओका अनुसार पाँच वर्षमुनिका बालबालिकाले खाद्यजन्य रोगको कुल भारको करिब ४० प्रतिशत हिस्सा वहन गर्छन् । यस्ता रोगका कारण हरेक वर्ष करिब एक लाख २५ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । खाद्यजन्य रोगले विशेषगरी महिला, बालबालिका, द्वन्द्व प्रभावित समुदाय, आप्रवासी तथा अन्य कमजोर वर्गलाई असमान रूपमा प्रभावित गर्ने गरेको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार खाद्य सुरक्षा उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य शृङ्खलासँग सम्बन्धित विषय हो। खाद्यवस्तुको उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण, तयारी तथा उपभोगका हरेक चरणमा सुरक्षा मापदण्ड पालना गरिएमा खाद्यजन्य रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ ।

यो दिवसका अवसरमा खाद्य सुरक्षालाई प्रभावकारी नियमन प्रणाली, स्वच्छ खानेपानीमा पहुँच, असल कृषि अभ्यास, खाद्य सुरक्षा व्यवस्थापन प्रणाली तथा उपभोक्ता सचेतनासँग जोडेर हेरिनुपर्नेमा जोड दिइएको छ । सरकार, उत्पादक, व्यवसायी, वैज्ञानिक, नागरिक समाज र उपभोक्ताको साझा प्रयासबाट मात्र सुरक्षित खाद्यवस्तुको सुनिश्चितता गर्न सकिने विज्ञहरूको भनाइ छ ।रासस

## हेमोपर्फ्युजन र प्लाज्माफेरेसिस उपचार सुरु



**टुडे समाचारदाता**

विराटनगर । पूर्वी नेपालमा पहिलो पटक बिराट मेडिकल कलेज टिचिङ हस्पिटलले दुई नयाँ र उन्नत उपचार पद्धति हेमोपर्फ्युजन र प्लाज्माफेरेसिस सुरु गरेको छ ।

यी दुवै पद्धति बिरामीको रगतमा भएका हानिकारक पदार्थहरू छानेर हटाउने र सफा रगत पुनः शरीरमा फर्काउने कार्य गर्दछन् ।

हेमोपर्फ्युजन उपचार पद्धतिमा बिरामीको रगतलाई एक विशेष फिल्टरबाट पार गराएर विष, हानिकारक औषधि र विभिन्न रसायनिक पदार्थहरू हटाउँछ । सो विधि विशेष गरी विषाक्तता, ड्रग ओभरडोज र गम्भीर संक्रमणका बिरामीहरूको उपचारमा अत्यन्त उपयोगी र प्रभावकारी हुन्छ ।

त्यसैगरी प्लाज्माफेरेसिस उपचार प्रक्रियामा रगतको प्लाज्मा भागबाट हानिकारक एन्टिबडी र विषाक्त पदार्थ छुट्याएर हटाइन्छ । यो तरिका मुख्यतः स्नायु सम्बन्धी विभिन्न रोग र मृगौला सम्बन्धी जटिल बिरामीहरूको उपचारमा प्रयोग गरिन्छ ।

यी उन्नत उपचार सेवाहरू सुरु भएपछि पूर्वी नेपालका बिरामीहरूलाई उपचारका लागि अब काठमाडौं वा भारत जान नपर्ने बिराट मेडिकल कलेज टिचिङ हस्पिटलका कन्सलटैन्ट एनेस्थेसीओलोजिस्ट/क्रिटकलफिजिसियन डा. दीपक पौडेलले बताएका छन् ।

डा. पौडेलका अनुसार, यी सेवाहरूको शुरुवातले स्थानीय र पूर्वी नेपालका बिरामीहरूलाई विश्वमानको उपचार स्वदेशमै पाउने सुविधा प्रदान गरेको छ । यससँगै, बिरामीहरूको आर्थिक र शारीरिक बोझ पनि कम हुने अपेक्षा गरिएको छ ।

## वन गस्ती टोलीमाथि आक्रमण गर्ने पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा वन संरक्षणका लागि खटिएको गस्ती टोलीमाथि आक्रमण गर्ने एकजना आरोपीलाई प्रहरीले वीरगञ्जबाट पक्राउ गरेको छ ।

जिल्लाको गुजरा नगरपालिका-२ मैढा गाउँ निवासी रामध्यान साहका २६ वर्षीय छोरा राजकिशोर साहलाई ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र प्रहरी चौकी वीरगञ्ज बिर्ताको संयुक्त टोलीले शनिबार साँझ वीरगञ्जबाट लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको हो ।

पक्राउ परेका साहलाई हाल ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको हिरासतमा राखिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमले जानकारी दिएका छन् । सहायक वन अधिकृत राजकुमार चौधरीको जाहेरीका आधारमा प्रतिवादी साहसहितका व्यक्तिहरूविरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दर्ता भई जिल्ला अदालत रौतहटबाट पक्राउ आदेश जारी गरिएको थियो ।

गत १९ गते राति करिब साढे १२ बजे काठ चोरी भइरहेको सूचनाका आधारमा जंगल क्षेत्रमा पुगेको डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको संयुक्त गस्ती टोलीमाथि आरोपी राजकिशोर सहितको समूहले आक्रमण गरेको थियो ।

आक्रमणमा सहायक वन अधिकृत राजकुमार चौधरी, वन रक्षक सुरेन्द्र चौधरी, उपभोक्ता समितिका सदस्य अर्जुन चौधरी र बिमल थापा तथा चालक अरविन्द पटेल घाइते भएका थिए । वन क्षेत्रमा सक्रिय काठ तस्करी नियन्त्रणमा खटिएको टोलीमाथि भएको आक्रमणपछि रौतहटको वन क्षेत्रमा सुरक्षा चुनौती र तस्करी सञ्जालबारे पुनः प्रश्न उठेको थियो ।


### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सफलता सुनिश्चित हुनेछ । लगानी लाभदायक बन्नेछ । |
| वृष : | पुराना आकांक्षा पुरा हुने समय आएको छ । मिहिनेतको कदर हुनेछ । |
| मिथुन : | सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ । |
| कर्कट : | अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ । |
| सिंह : | पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ । यात्राको योजना बन्न सक्छ । |
| कन्या : | परिक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ । |
| तुला : | आकांक्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ । |
| वृश्चिक : | आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ। |
| धनु : | सहकार्य र धैर्यले समस्या समाधान हुनेछ। |
| मकर : | नयाँ काम थाल्न उपयुक्त समय हो । |
| कुम्भ: | काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ । |
| मीन: | व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

### महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विदेशी मुद्रासहित भारतीय नागरिक पक्राउ



सिद्धार्थनगर । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट काठमाण्डु जान लागेका एक भारतीय नागरिकका साथबाट रु सात लाख ९५ हजार भारतीय रकम बरामद गरिएको छ ।

भारतको आन्ध्र प्रदेशस्थित प्रकाशम जिल्लाका ५९ वर्षीय भिमा श्रीनिवास बुद्ध एयरको उडानमार्फत काठमाडौँ प्रस्थान गर्ने क्रममा विमानस्थलको आन्तरिक टर्मिनलमा रहेको हाते सामान जाँच गर्ने एक्सरेबाट परीक्षण गर्दा उक्त रकम फेला परेको हो ।

प्रहरीका अनुसार श्रीनिवासले साथमा बोकेको खैरो रङको हाते झोलाबाट भारतीय रुपैयाँ ५०० दरका एक हजार ५९० थान नोट बरामद भएको हो । बरामद रकमको कुल मूल्य सात लाख ९५ हजार भारतीय रुपैयाँ रहेको छ ।

उक्त रकमसहित श्रीनिवासलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान थालिएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले जानकारी दिनुभयो ।

पक्राउ परेका व्यक्ति र नगद थप अनुसन्धानका लागि उनलाई जिल्ला प्रहरी कार्यालय रुपन्देही पठाइएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले बताउनुभयो ।

> पक्राउ परेका व्यक्ति र नगद थप अनुसन्धानका लागि उनलाई जिल्ला प्रहरी कार्यालय रुपन्देही पठाइएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले बताउनुभयो ।

**मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कानुनी विषयक अभिमुखीकरण**

'मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कानुनी विषयक अभिमुखीकरण' कार्यक्रम भैरहवामा सम्पन्न भएको छ । मानव बेचबिखनविरुद्धका क्षेत्रमा कार्यरत संस्था माइती नेपाल भैरहवाको आयोजना तथा सक्षम सहारा बहुउद्देश्यीय महिला समूहको समन्वयमा आज यहाँ अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा किशोरी र महिला गरी २८ जनाको सहभागिता थियो । माइती नेपाल भैरहवाकी कार्यक्रम संयोजक माया क्षेत्रीले प्रस्तुतीकरण गर्नुभएको थियो । मानव बेचबिखनबाट कसरी जोगिन सकिन्छ भन्ने विषयमा सहभागीलाई प्रशिक्षण दिइएको उहाँको भनाइ छ ।

कार्यक्रम संयोजक क्षेत्रीले बेचबिखन किन र कसरी गरिन्छ, कानुनी व्यवस्था के छन्लगायत विविध विषयमा चेतनामूलक जानकारी प्रस्तुत गर्नुभयो । महिला समूहकी अध्यक्ष सचिता अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा समूहका महासचिव लाजिना देवकोटा, शान्ता भण्डारी, तुलसी बस्नेत, मीना सिंह क्षेत्री, खिमकुमारी थापा, कल्पना ज्ञवाली, धरा पन्थी, सिद्धार्थनगर बाल क्लबकी अध्यक्ष तारा बेल्बासेलगायत उपस्थित हुनुहुन्थ्यो । रासस

# गाउँका विभेदकारी नाम परिवर्तन अभियानमा स्थानीय तह

दशरथचन्द । जिल्लाका विभिन्न स्थानीय तहले गाउँका विभेदकारी नाम परिवर्तन गर्ने अभियान थालेका छन् । यहाँका स्थानीय तहले विगतमा विभिन्न जाति र समुदायलाई अपहेलना गर्नेगरी राखिएका नाम परिवर्तन गर्न थालेका हुन् ।

यस क्रममा पाटन नगरपालिका-५ मा रहेको डिम्यौडा टोलको नाम परिवर्तन गर्दै सिर्जना टोल राखिएको छ । दलित समुदायको बसोबास रहेको उक्त गाउँलाई अपहेलित तवरले डिम्यौडा भन्ने गरिएकाले नाम परिवर्तन गरिएको वडाअध्यक्ष फुनिसिंह बोहराले जानकारी दिनुभयो ।



"दलित समुदायको बसोबास रहेकाले त्यहाँ पहिलेका मानिसले होच्याउने गरी टोलको राखेका थिए, त्यसलाई परिवर्तन गरी सिर्जना टोल राखेका छौँ", अध्यक्ष बोहराले भन्नुभयो, "त्यस बस्तीका मानिसले कलाकौशलबाट विभिन्न सामग्री सिर्जना गर्ने भएकाले सिर्जना टोल राखेका हौँ ।"

अभियानअन्तर्गत हालसम्म २२ वटा गाउँको नाम परिवर्तन गरिएको पाटन नगरपालिकाका उपप्रमुख कमलसिंह बोहराले जानकारी दिनुभयो । जातीयताका आधारमा अपहेलना हुने खालका नामलाई परिवर्तन गरिएपछि स्थानीयले आत्मसम्मान महसुस गरेका उहाँले बताउनुभयो ।

स्थानीयले पनि वर्षौंपछि जातीय अपमान हुने गरी राखिएका नाम परिवर्तन हुँदा केही सहज महसुस भएको बताएका छन् । "वर्षौंपछि गाउँका नाम परिवर्तन गरिएका छन्, पहिले आफ्नो गाउँको भन्नसमेत असहज हुन्थ्यो, हाल केही सहज महसुस भएको छ", पाटन-६ का स्थानीय राजु भुलले भन्नुभयो ।

जिल्लाको दोगडाकेदार गाउँपालिकाले पनि अपमानित हुने नाम सच्याउने निर्णय गरेर कार्यान्वयनको चरणमा रहेको प्रवक्ता दिनेशप्रसाद भट्टले जानकारी दिनुभयो । "स्थानीयसँग समन्वय गर्दै गाउँको नाम फेर्ने प्रस्ताव माग गर्नुका साथै छलफल अघि बढाएका छौँ, यसै वर्षभित्र यहाँका धेरै गाउँका नाम परिवर्तन गर्ने योजना बनाएका छौँ", उहाँले भन्नुभयो । रासस

# निजामती कर्मचारी अस्पतालको सेवा चितवन र पर्सामा विस्तार



काठमाण्डु । सोमबारदेखि निजामती कर्मचारीले पाउने स्वास्थ्यसम्बन्धी सेवासुविधा चितवनको भरतपुर अस्पताल र पर्साको नारायणी अस्पताल, वीरगञ्जबाट पनि उपलब्ध हुने भएको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आइतबार सूचना जारी गरी निजामती कर्मचारी अस्पताल काठमाडौँले उपलब्ध गराउने छुट तथा सहुलियतसहितको स्वास्थ्य उपचार सेवा प्रारम्भिक चरणमा भरतपुर अस्पताल र नारायणी अस्पतालमा पनि उपलब्ध हुने जानकारी दिएको हो ।

उक्त छुट तथा सहुलियतसहितको स्वास्थ्य उपचार सेवा निजामती कर्मचारी अस्पतालबाट परिचयपत्र प्राप्त गरेका निजामती कर्मचारी, अवकाश प्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई तोकिएबमोजिम उपलब्ध हुनेछ । सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाश प्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पतालबाट जारी भएको आधिकारिक परिचयपत्र साथमा लिई जानुपर्ने सूचनामा उल्लेख गरिएको हो ।

निजामती कर्मचारी, अवकाश प्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले निजामती कर्मचारी अस्पतालबाट प्रदान हुँदै आएको स्वास्थ्य सेवालाई प्रदेशस्तरमा समेत विस्तार गर्ने सरकारको नीतिअनुसार सो सेवा सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

सूचनामा भनिएको छ, "त्यसका अतिरिक्त बाँकी प्रदेशबाट समेत सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय भई सेवा प्रदायक अस्पतालहरूको सूचीकरण भएको हुँदा आवश्यक तयारी पूरा गरी निजामती कर्मचारी अस्पतालले निजामती कर्मचारीलाई उपलब्ध गराउँदै आएको छुट, सहुलियतसहितको स्वास्थ्य उपचार सेवा सबै प्रदेशबाट उपलब्ध गराइनेछ ।" यस व्यवस्थाबाट काठमाडौँ उपत्यकाबाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाश प्राप्त कर्मचारी र आश्रित परिवारले आफ्नै प्रदेशमा स्वास्थ्य सेवा प्राप्त गर्न सहजता हुने मन्त्रालयको अपेक्षा छ । रासस

# बाथरोगबाट बच्न सचेतना र शीघ्र उपचारमा जोड



काठमाण्डु । बाथरोगको रोकथाम तथा रोग लागेमा प्रारम्भिक चरणमै उपचार गरेर स्वास्थ्यलाभ गर्न सकिने भएकाले यससम्बन्धी चेतना अझ व्यापक बनाउनुपर्नेमा जोड दिइएको छ ।

नेशनल बाथरोग सेन्टरको १३औँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा बाथरोग सुरुकै चरणमा पहिचान गरी उपचार गरेमा सहज रूपमा निको हुने, तर ढिलो गरी उपचार गर्दा मिर्गौला र फोक्सोलगायत महत्वपूर्ण अङ्गमा असर पुग्ने तथा उपचार खर्चसमेत महँगो हुने भएकाले जनचेतना अभिवृद्धि आवश्यक रहेको वक्ताहरूले बताएका हुन् ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति तथा पूर्व राजदूत केदारभक्त माथेमाले जीवनको गुणस्तर सुधार गर्न बाथरोगलगायत विभिन्न रोगबारे पर्याप्त जनचेतना फैलाउन आवश्यक रहेको बताउनुभयो । युवा अवस्थामै रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदै गएको वर्तमान अवस्थामा स्वस्थ जीवनका लागि जनस्वास्थ्यसम्बन्धी सचेतना अझ प्रभावकारी ढङ्गले विस्तार गर्नुपर्ने उहाँको भनाइ थियो ।

सेन्टरका अध्यक्ष डा विनीत वैद्यले बाथरोग 'मुसा बनेर छिर्ने र हात्ती बनेर निस्कने' रोग भएकाले लक्षण देखिनासाथ उपचार सुरु गर्नुपर्ने बताउनुभयो । सेन्टरले अनुसन्धान, शिक्षा तथा स्वास्थ्य सेवा प्रवाहका क्षेत्रमा काम गरिरहेको उहाँले जानकारी दिनुभयो । वार्षिकोत्सवकै अवसरमा सेन्टरले आजदेखि 'र्युमा फ्युजन नेटवर्क'को घोषणा पनि गरेको छ ।

सेन्टरका प्रबन्ध निर्देशक डा रोशन कक्षपतिले अध्यक्ष वैद्यको नेतृत्वमा गरिएको अनुसन्धानले बाथरोग प्रारम्भिक अवस्थामै पहिचान गर्न सकिने पुष्टि गरेको बताउनुभयो ।रासस

# श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कार शर्मा र केन्द्रलाई प्रदान गरिने

सुरुंगा । शिक्षा, विज्ञान, अनुसन्धान र कृषि क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति तथा संस्थालाई प्रदान गरिने प्रतिष्ठित 'श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तरराष्ट्रिय प्रज्ञा पुरस्कार' यस वर्ष प्राडा सुरेशराज शर्मा र राष्ट्रिय आविष्कार केन्द्रलाई संयुक्त रूपमा प्रदान गरिने भएको छ ।

त्यस्तै 'रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार' वरिष्ठ बागवानी विज्ञ चुटराज गुरुङ र एग्रो मनाङ प्रालिलाई संयुक्त रूपमा प्रदान गरिने भएको छ । झापाको भद्रपुरस्थित रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठानले आज एक प्रेस विज्ञप्ति जारी गर्दै पुरस्कारको बारेमा जानकारी गराएको छ । यही जेठ ३० गते काठमाण्डुमा आयोजना हुने समारोहमा पुरस्कार तथा सम्मान प्रदान गरिने विज्ञप्तिमा उल्लेख छ ।

प्रतिष्ठानले सामाजिक सेवा, शिक्षा, कृषि, पत्रकारिता, साहित्य तथा बाल विकासका क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति र संस्थालाई सम्मान गर्दै आएको छ । विसं २०६७ सालमा स्थापना भएको प्रतिष्ठानले विभिन्न विधाका राष्ट्रिय पुरस्कारमार्फत समाजमा प्रेरणादायी योगदान पुऱ्याउने व्यक्तित्वलाई प्रोत्साहन गर्दै आएको छ ।

यस वर्षको 'श्रीप्रसाद ओली स्मृति राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रज्ञा पुरस्कार'को राशी पाँच लाख रूपैयाँ रहेको छ । प्रतिष्ठानका अध्यक्ष गंगाप्रसाद ओलीद्वारा जारी विज्ञप्तिअनुसार उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास, नीति निर्माण तथा शैक्षिक नेतृत्वमा पुऱ्याएको दीर्घकालीन योगदानको कदरस्वरूप प्राडा सुरेशराज शर्मालाई उक्त पुरस्कार प्रदान गर्न लागिएको हो ।

प्राडा शर्मा नेपालमा आधुनिक उच्च शिक्षाको विकासका अग्रणी व्यक्तित्व मानिनुहुन्छ । उहाँ काठमाडौँ विश्वविद्यालयका संस्थापक उपकुलपति रहनुभएको छ । नेपालमा



कम्प्युटर इन्जिनियरिङलगायत विभिन्न प्राविधिक विषयको उच्च शिक्षा विस्तार, प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् (सीटीइभीटी)को संस्थागत विकास तथा गुणस्तरीय शिक्षाको प्रवर्द्धनमा उहाँको भूमिका महत्त्वपूर्ण रहेको प्रतिष्ठानले उल्लेख गरेको छ ।

त्यसैगरी, देशमा नवप्रवर्तन, अनुसन्धान र प्रविधिको विकासमार्फत युवा वैज्ञानिक तथा आविष्कारकलाई प्रोत्साहन पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै राष्ट्रिय आविष्कार केन्द्रलाई पनि संयुक्त रूपमा प्रज्ञा पुरस्कार प्रदान गर्न लागिएको हो । वैज्ञानिक तथा आविष्कारक एवम् प्रतिनिधिसभा सदस्य महावीर पुनको अग्रसरतामा स्थापना भएको केन्द्रले अनुसन्धान, उद्यमशीलता र प्रविधिमैत्री विकासलाई जोड दिँदै आएको छ ।

यता 'रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार'को राशि एक लाख एक हजार १११ रूपैयाँ रहेको छ । नेपालमा उच्च घनत्वयुक्त स्याउ खेती प्रविधिको विस्तार, बागवानी अनुसन्धान तथा कृषक क्षमता विकासमा पुऱ्याएको योगदानका लागि वरिष्ठ बागवानी विज्ञ चुटराज गुरुङलाई पुरस्कार प्रदान गरिने भएको हो ।

चार दशकभन्दा बढी समय कृषि क्षेत्रमा सक्रिय गुरुङले सरकारी सेवामा रहँदा तथा अवकाशपछि पनि स्याउ खेतीको आधुनिकीकरण, नयाँ प्रविधिको विस्तार र कृषक प्रशिक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ । विशेषगरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा उच्च उत्पादनशील स्याउ खेती विस्तारमा उहाँको योगदान उल्लेखनीय मानिएको छ ।

त्यस्तै कृषि पुरस्कारतर्फ नै एग्रो मनाङ प्रालिले नेपालमा पहिलो पटक व्यावसायिकस्तरमा उच्च घनत्वयुक्त स्याउ बगैँचा स्थापना गरेर आधुनिक फलफूल खेतीको नमूना प्रस्तुत गरेको प्रतिष्ठानले जनाएको छ । मनाङको दुर्गम क्षेत्रमा स्थापना भएको कम्पनीले स्याउ उत्पादनसँगै प्रशोधन, भण्डारण, बजार व्यवस्थापन र ग्रामीण रोजगारी सिर्जनामा योगदान पुऱ्याएको उल्लेख छ ।

प्रतिष्ठानका अनुसार एग्रो मनाङको पहलले आधुनिक स्याउ खेती प्रविधि अन्य हिमाली जिल्लामासमेत विस्तार हुन थालेको छ । यसबाट आयात प्रतिस्थापन, स्थानीय उत्पादन प्रवर्द्धन तथा ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा टेवा पुगेको विश्वास गरिएको छ ।

प्रतिष्ठानले विगत वर्षमा पनि कृषि, शिक्षा, पत्रकारिता, साहित्य, मातृत्व तथा बाल विकासका क्षेत्रमा योगदान पुऱ्याउने दर्जनौँ व्यक्तित्व र संस्थालाई सम्मान गरिसकेको जनाएको छ । यसवर्षका सम्मानित व्यक्तित्व र संस्थाले राष्ट्र निर्माण, ज्ञान-विज्ञानको विकास तथा कृषि आधुनिकीकरणमा पुऱ्याएको योगदानलाई कदर गर्दै पुरस्कार प्रदान गर्न लागिएको प्रतिष्ठानको भनाइ छ । रासस

# केराको बोट सुक्न थालेपछि किसान चिन्तित

म्याग्दी । जिल्लाको बेनी नगरपालिका-२ खबराको बगैँचामा केराको बोट सुक्न थालेपछि किसानहरु चिन्तित भएका छन् । एक सय २० परिवार रहेको खबराका एक सयभन्दा बढी कृषकले व्यावसायिक केराखेती गर्दै आएका छन् ।

केराखेती खबराका नागरिकको मुख्य आयस्रोत हो । अगुवा किसान सोवित शर्माले पसाउने समयमा टुप्पोमा पात पहेँलो हुने र गाना कालो भएर बोट सुक्ने समस्या बढेपछि किसान चिन्तित बनेका बताउनुभयो ।



"पछिल्लो एक/दुई वर्षयता केराको बोट सुक्ने समस्या बढ्दै जाँदा खबराको केराखेतीमा चुनौती सिर्जना भएको छ", उहाँले भन्नुभयो, "कृषि प्राविधिकले समस्याको पहिचान र उपचार सफल नहुँदा केराखेती मासिने र किसान मारमा पर्ने जोखिम बढेको छ ।"

सबैजसो बगैँचामा केराको गुभो (बोटको भित्री भाग) कुहिने र बोटसुक्ने समस्या देखिन थालेको किसान बताउँछन् । तीव्र रूपमा फैलिएको बोट सुक्ने समस्या समाधान हुन सकेको छैन । यो समस्या पहिलादेखि नै रहेको भन्दै केराका बोट सुक्न थालेपछि विकल्पमा केराका बोट मासेर बेसारखेती गर्न थालेको किसान घनश्याम सापकोटाले बताउनुभयो ।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख सञ्जिव बास्तोलाले खबराको केराखेतीमा देखिएको समस्या पहिचानका लागि बाली प्रयोगशालासँग प्राविधिक सहयोग मागिएको बताउनुभयो । "के कारणले बोट सुकेको हो र कसरी समाधान गर्ने भन्ने विषयमा अनुसन्धानका लागि प्राविधिक टोलीको सहयोग मागेका छौँ", उहाँले भन्नुभयो, "बाली संरक्षण कार्यक्रममार्फत खबराको केराखेतीमा देखिएको समस्या समाधानका लागि पहल गर्छौं ।"

खबरामा पाखोबारी, खोल्सा, कान्ला, डिल केराको घारीले भरिएका छन् । यहाँका किसानले धान, गहुँ, मकै, कोदोलगायत खाद्यबालीको विकल्पमा केराखेती गरेका हुन् । एक जनाले दुई देखि २० रोपनी जग्गामा हजारी जातको केरा लगाएका उहाँले जानकारी दिनुभयो ।

केराखेतीबाट मासिक न्यूनतम रु १०-१२ हजारदेखि ५० हजारभन्दा बढी आम्दानी हुने किसान बताउँछन् । घरव्यवहार चलाउन र छोराछोरी पढाउन केराखेतीको आम्दानीले सहयोग पुगको छ । घरव्यवहार चलाएर बचेको पैसाले कच्ची घरलाई पक्की बनाएको स्थानीय किसान हिरा कुँवरले बताउनुभयो ।

उपयुक्त हावापानी, भूगोल र बजार नजिक भएका कारण खबराका किसानले केराखेती विस्तार गरेका हुन् । रासस

# बागमती र कोशीका १८ जिल्लामा रास्वपाको नयाँ कार्यसमिति

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अधिवेशनमार्फत १८ जिल्लामा नयाँ कार्यसमिति चयन गरेको छ । यो समाचार तयार गर्दासम्म बागमती प्रदेशका नौ र कोशी प्रदेशका नौ जिल्लामा पहिलो अधिवेशन सम्पन्न भइ नयाँ कार्यसमिति चयन भएका छन् ।

केन्द्रीय निर्वाचन आयोगकाअनुसार काठमाडौँ जिल्ला सभापतिमा राजा शाक्य, भक्तपुरमा रामेश्वर बस्नेत, काभ्रेपलाञ्चोकमा प्रविन ढकाल, सिन्धुलीमा अविनाश बस्नेत, रामेछापमा रमेशरायमाझी, दोलखामा दिनेश बस्नेत, नुवाकोटमा रामेश्वर गजुरेल, धादिङमा राजन अर्याल र मकवानपुर सभापतिमा सञ्जिव पाठक निर्वाचित हुनुभएको छ ।

बागमती प्रदेशका चितवन, रसुवा र ललितपुरमा आज अधिवेशन हुँदैछ भने शनिबार सुरु भएको सिन्धुपाल्चोकको अधिवेशन स्थगित भएको आयोगले जनाएको छ । यस्तै कोशी प्रदेशको सुनसरीमा सागर दाहाल, झापामा ओम भण्डारी, ताप्लेजुङमा राजनकुमार गुरुङ, मोरङमा भरत कँडेल, तेह्रथुममा सुमन खत्री, भोजपुरमा ख्यामबहादुर भुजेल, संखुवासभामा भक्तनारायण श्रेष्ठ, ओखलढुङ्गामा कृष्णबहादुर थापा सभापतिमा निर्वाचित हुनुभएको छ ।

कोशीका धनकुटा, उदयपुर, सोलुखुम्बु, खोटाङ र इलाममा आज अधिवेशन भइरहेको आयोगका प्रमुख केसीले जानकारी दिनुभयो ।रासस


श्री धर्म संस्था

रामस्वरुप साह, रामसागर साह

मिल्स एरिया जनकपुरधाम-१ परिवार

भुल सुधार

मिति २०८३/०२/२३ गते शनिबार स्व. राम स्वरुप साहको श्रद्धाञ्जलीमा सभापति ताराचन्द्र प्रसाद हुनुपर्नेमा भुल वस प्रभाकर प्रसाद साह हुन गएकोले क्षमाप्रार्थी छौं ।



VACANCY ANNOUNCEMENT

Date of Publication : 8th june, 2026

| S.N | Post | Qualification | Num |
|---|---|---|---|
| 1. | Pharmacist Assistant | D-Pharma (registered at Nepal pharmacy council) Registered Pharmacist | 1 |

Post: 1


Enclosure Requirements: 1. Diploma in Pharmacy
2. Copies of Registration in professional council
3. Competencies in both speaking and written English and Nepali

Remuneration:
Salary: NPR 25-30k with accomodations
Company deserves right to shortlist the candidate and prenormitment apply.

Interested candidates are encouraged to apply with detailed CV and with a cover letter, for anivats, an updated resume. Email: Newsahmedical@gmail.com

New Sah Medical, Mahendranagar, dhanusha

Call for more details: 9814862004



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पुराना दलको पथमा रास्वपा

सत्तासिन राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) मा असारको पहिलो हप्ता हुन लागेको प्रथम महाधिवेशनका लागि तल्लो निकायहरुको नेतृत्व चयनको प्रक्रिया जारी रहेको छ । रास्वपाका नेता, कार्यकर्ताहरुमा नयाँ जोश र जाँगर देखिन्छ । अत्यन्त उत्साहपूर्ण वातावरणमा भइरहेको पालिका र जिल्ला अधिवेशनमा भने नेतृत्व चयनको विषयमा विवाद उत्पन्न हुन थालेको छ । रास्वपामा संस्थापक र नवप्रवेशीहरुको नाममा विवाद भएको सतहमा देखिएको छ । तर यथार्थमा त्यसो होइन । सतहमा देखिएको भन्दा भित्र बिबादको विषय फरक छ । सांसदहरुले नेतृत्व हत्याउन गुटगत राजनीति गर्न थालेपछि विवाद बढेर हात हालाहालको स्थिति बनेको छ । केन्द्रीय नेतृत्वले सांसदलाई जिल्ला नेतृत्वको प्रतिस्पर्धामा सहभागी नहुन निर्देशन जारी गरेको छ । तर सांसदहरु नै जिल्ला तहसम्म विवादको प्रमुख कारक देखिएको छ । मधेश प्रदेशमा ३२ मध्ये ३० जना रास्वपाका सांसदहरु छन् । रास्वपाका सांसदहरु नै जिल्लामा संगठन सम्बन्धी गतिविधिलाई आफ्नो पकडमा राख्न नेतृत्व चयनमा विवाद सृजना गरेको छ । सांसदहरुले इमान्दारीपूर्वक नेतृत्व चयनका लागि प्रयास गरे कुनै जिल्लामा विवाद हुने सम्भावना नै थिएन । तर मधेश प्रदेशको आठवटै जिल्लामा विवाद भएको छ । पहिलो पटक वडादेखि केन्द्रसम्म लोकतान्त्रिक विधि अनुसार नेतृत्व चयन गर्न लागेको रास्वपामा विवादको गुञ्जाइस थिएन । तर हरेक जिल्लामा रास्वपाका नेता र कार्यकर्ताहरु दुई खेमामा विभाजित भएका छन् । पार्टीको पहिलो अधिवेशनबाट नै पार्टी भित्र गुट निर्माण भएको छ । जिल्लाको नेतृत्वमा रहने गुटले अर्को गुटलाई सक्दो पाखा लगाउने कार्यमा ध्यान दिनेछ । रास्वपाका जिल्ला तहका नेताहरुले केन्द्रीय निर्देशनलाई समेत मान्न तयार छैन ।केही जिल्लाहरुमा पालिका र जिल्ला अधिवेशनको क्रममा हात हालाहाल नै भएको छ । मधेश प्रदेशको केही पालिकाहरुमा नेतृत्व चयन समेत हुन सकेको छैन । जिल्ला अधिवेशनहरुमा समेत एउटा पक्षले धाँधली गरेको आरोप लगाएको छ । यसले रास्वपाको संगठन निर्माणमा धक्का लाग्न सक्छ । हुन त अहिले केन्द्रीय नेतृत्वले कठोर भएर नेता, कार्यकर्ताहरुलाई अनुशासनमा राख्न आवश्यक छ । रास्वपा छाडेर जाने वातावरण नरहेकोले अनुशासनलाई कडाइका साथ लागु गर्न उपयुक्त हुनेछ । पुराना पार्टीहरुमा रहेको गुटगत राजनीति रास्वपामा पनि सशक्त रुपमा प्रवेश गरेको छ । रास्वपाका नेता, कार्यकर्ताहरु गुटबन्दीमा लागेकोले अगाडि दिनमा संगठनात्मक मात्र नभइ निर्वाचनमा समेत प्रभाव पर्नेछ । पुराना पार्टीहरुको गुटगत राजनीतिक पथमा रास्वपा जान थालेको छ । प्रारम्भिक चरणमा नै चरम गुटबन्दी देखिएको रास्वपाको भविष्यमा अन्तरघातले पनि घर गर्नेछ । रास्वपाका नेताहरु अहिले निर्मम भएर पार्टीमा अनुशासनलाई सुदृढ बनाउन आवश्यक छ ।

# भाषणमा आधुनिक, संरचनामा पुरानो बजेट




नेपाल सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। सरकारका अनुसार यो बजेट आर्थिक सुधार, कृषि आधुनिकीकरण, विदेशी लगानी प्रवर्द्धन, ऊर्जा विस्तार, प्रविधिमैत्री विकास र "ज्ञानमा आधारित अर्थतन्त्र" निर्माणतर्फ केन्द्रित रहेको दाबी गरिएको छ। संसदमा प्रस्तुत बजेट भाषणमा "ब्क्ष युग", "स्टार्टअप संस्कृति", "डिजिटल रूपान्तरण", "वित्तीय इन्जिनियरिङ" जस्ता आकर्षक शब्दहरूको प्रयोग व्यापक रूपमा गरिएको छ। सतहमा हेर्दा यो बजेट महत्वाकांक्षी, आधुनिक र दूरदृष्टियुक्त जस्तो देखिए पनि यसको गहिरो अध्ययन गर्दा धेरै गम्भीर प्रश्नहरू उठ्छन् । नेपालको अर्थतन्त्र अहिले उत्पादन संकट, बेरोजगारी, आयात निर्भरता, पूँजी पलायन, घट्दो औद्योगिक उत्पादन, कमजोर राजस्व प्रणाली र बढ्दो सार्वजनिक ऋणजस्ता समस्यासँग संघर्ष गरिरहेको छ । यस्तो अवस्थामा प्रस्तुत बजेटले वास्तविक आर्थिक संरचनामा परिवर्तन ल्याउने स्पष्ट आधार तयार गर्न सकेको छ कि छैन भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । बजेटको आकार ठूलो हुँदैमा अर्थतन्त्र बलियो हुने होइन। वास्तविक विकास भनेको उत्पादन वृद्धि, रोजगारी सिर्जना, उद्योग विस्तार, कृषि आत्मनिर्भरता र नागरिकको जीवनस्तरमा सुधारबाट मापन हुन्छ ।

**बजेटको अस्वाभाविक विस्तार :**

महत्वाकांक्षा कि आर्थिक जोखिम? यस वर्षको बजेट अघिल्लो संशोधित बजेटभन्दा झण्डै २५ प्रतिशत ठूलो छ । तर देशको आर्थिक वृद्धि दर भने करिब ३.८५ प्रतिशत मात्र हुने अनुमान गरिएको छ । यस्तो अवस्थामा अत्यधिक ठूलो बजेट विस्तार गर्नु आर्थिक यथार्थभन्दा बढी राजनीतिक महत्वाकांक्षाजस्तो देखिन्छ। यदि कुनै परिवारको आम्दानी स्थिर छ । तर खर्च अचानक धेरै बढाइन्छ भने त्यो परिवार ऋणमा फस्ने सम्भावना बढ्छ । राज्यको अर्थतन्त्रमा पनि यही सिद्धान्त लागू हुन्छ । नेपालमा उत्पादन, निर्यात र कर संकलनको अवस्था कमजोर छ । उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेका छैनन् । आयातमाथिको निर्भरता अत्यधिक छ । यस्तो अवस्थामा खर्च वृद्धि गरेर मात्र आर्थिक समृद्धि सम्भव हुँदैन। सरकारले राजस्वबाट करिब १४ खर्ब रुपैयाँ उठाउने लक्ष्य राखेको छ। तर विगतका वर्षहरूको अनुभव हेर्दा राजस्व लक्ष्य पूरा हुन सकेको छैन। आर्थिक गतिविधि सुस्त भएको अवस्थामा अत्यधिक राजस्व लक्ष्य राख्नु व्यवहारिकभन्दा बढी कागजी योजना देखिन्छ । यदि राजस्व संकलन कमजोर भयो भने सरकार पुनः ऋण र आन्तरिक उधारोमा निर्भर हुनुपर्नेछ । यसको अर्थ आगामी पुस्तामाथि ऋणको थप भार थोपर्नु हो ।

**चालु खर्चको बढ्दो हिस्सा :**

विकासभन्दा प्रशासनलाई प्राथमिकता बजेटको सबैभन्दा गम्भीर कमजोरी भनेको चालु खर्चको अत्यधिक हिस्सा हो । कुल बजेटको झण्डै ६० प्रतिशत रकम प्रशासनिक खर्च, सरकारी तलब, सुविधा, भत्ता र संस्थागत सञ्चालनमा खर्च गरिने भएको छ । यसको तुलनामा पूँजीगत खर्च करिब २० प्रतिशत मात्र छ । यसले स्पष्ट रूपमा देखाउँछ कि राज्य अझै पनि विकास निर्माणभन्दा सरकारी संयन्त्र धान्न बढी केन्द्रित छ । विकासोन्मुख देशमा पूँजीगत खर्चलाई प्राथमिकता दिइनुपर्छ, किनकि यही खर्चले उद्योग, सडक, ऊर्जा, कृषि, शिक्षा, स्वास्थ्य र उत्पादनमूलक पूर्वाधार निर्माण गर्छ । तर नेपालमा वर्षेनी चालु खर्च बढ्दै जानु र पूँजीगत खर्च कमजोर हुनु दीर्घकालीन आर्थिक संकटको संकेत हो। सरकारले कर्मचारीको तलब २१ प्रतिशतले वृद्धि गरेको छ । सरकारी कर्मचारीको जीवनस्तर सुधार गर्नु गलत होइन, तर निजी क्षेत्र, मजदुर, किसान र बेरोजगार युवाको अवस्था कमजोर भइरहेका बेला केवल सरकारी क्षेत्रलाई प्राथमिकता दिनु असन्तुलित नीति हो। यसले राज्यलाई उत्पादनमुखी होइन, उपभोगमुखी अर्थतन्त्रतर्फ धकेल्छ ।

बजेटको उद्देश्य अर्थतन्त्रलाई थप प्रोत्साहन गर्नु हो । तर, बजारमा पर्ने असर र मुद्रास्फीती नियन्त्रण गर्न सरकारले कुनै स्पष्ट रणनीति र कदमहरु प्रस्तुत गरेको छैन । यसले बजारमा मुद्रा प्रवाह बढाउने सम्भावना छ जसले मुद्रास्फीती (महँगी)लाई अझ तीव्र बनाउने सम्भावना छ । नेपाल जस्ता आयातमा निर्भर देशमा महँगीको असर अत्यधिक हुने गर्दछ । पेट्रोलियम पदार्थ महँगो हुँदा खाद्यान्नदेखि निर्माण सामग्रीसम्म सबै वस्तुको मूल्य बढ्ने गर्दछ । यदि सरकारले बजार अनुगमन, उत्पादन वृद्धि र आपूर्ति व्यवस्थापनमा ध्यान नदिएर मात्र खर्च बढाउने नीति लिन्छ भने सर्वसाधारण नागरिकको जीवन अझै कठिन बन्न सक्छ । अहिले नै मध्यम वर्ग र निम्न आय भएका परिवारहरु दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले प्रभावित भइरहेका छन् । तर बजेटले बजार नियन्त्रण, उपभोक्ता संरक्षण वा मूल्य स्थिरताका लागि ठोस रणनीति प्रस्तुत गरेको छैन । उल्टै, सरकारी खर्च विस्तारले बजारमा थप दबाब सिर्जना गर्ने खतरा छ ।

**'एआई अर्थतन्त्र' को नारा : यथार्थ कि प्रचार?**

बजेटमा "ज्ञानमा आधारित अर्थतन्त्र", "एआई केन्द्र", "स्टार्टअप", "डिजिटल नेपाल" जस्ता विषयलाई प्राथमिकता दिइएको छ। सरकारले काठमण्डुमा "सार्वभौम सम्पन्न एआई कम्प्यूटर सेन्टर" स्थापना गर्ने घोषणा समेत गरेको छ । सतहमा हेर्दा यो आधुनिक र प्रगतिशील सोच जस्तो लाग्छ। तर प्रश्न उठ्छ–के नेपाल अहिले यस्तो छलाङका लागि तयार छ? नेपालमा अझै पनि हजारौं विद्यालयमा आधारभूत शैक्षिक पूर्वाधार छैन । ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच कमजोर छ । विश्वविद्यालयहरू अनुसन्धान केन्द्रभन्दा प्रमाणपत्र वितरण केन्द्रजस्ता बनेका छन् । दक्ष प्राविधिक जनशक्ति विदेश पलायन भइरहेको छ । यस्तो अवस्थामा ब्क्ष र उच्च प्रविधिको सपना देखाउनु व्यवहारिकभन्दा बढी प्रतीकात्मक देखिन्छ । प्रविधिको विकास आवश्यक छ, तर आधार भूत शिक्षा, सीप विकास, अनुसन्धान, ऊर्जा स्थिरता र डिजिटल पहुँच सुनिश्चित नगरी केवल एआई घोषणा गर्नु राजनीतिक प्रचार जस्तो देखिन्छ । यदि राज्यले वास्तविक प्रविधिमैत्री अर्थतन्त्र निर्माण गर्न चाहन्छ भने विद्यालयदेखि विश्वविद्यालयसम्म शिक्षा सुधार, अनुसन्धानमा लगानी र ग्रामीण डिजिटल पहुँच विस्तार गर्नुपर्छ ।

**कृषि क्षेत्र : घोषणा धेरै, संरचनात्मक सुधार कम**

नेपाल अझै कृषि प्रधान देश हो । लाखौं नागरिकको जीविकोपार्जन कृषिमा आधारित छ । तर बजेटमा कृषि क्षेत्रका लागि दीर्घकालीन संरचनात्मक सुधारको स्पष्ट योजना देखिँदैन । सरकारले मल खरिदका लागि बजेट वृद्धि गरेको छ, तर कृषि संकटको मूल कारण मल मात्र होइन । किसानहरू बजार अभाव, सिँचाइ समस्या, भण्डारणको कमी, उत्पादनको न्यून मूल्य र आयातित कृषि वस्तुसँग प्रतिस्पर्धाको समस्यामा छन् । नेपालले हरेक वर्ष अर्बौं रुपैयाँको खाद्यान्न आयात गरिरहेको छ। यसको अर्थ देशको कृषि नीति आत्मनिर्भर बन्न असफल भएको हो । यदि सरकारले वास्तवमै कृषि सुधार गर्न चाहन्छ भने– किसानलाई उत्पादनको न्यूनतम समर्थन मूल्य दिनुपर्छ। कृषि बीमा प्रभावकारी बनाउनुपर्छ। ग्रामीण सडक र भण्डारण प्रणाली विस्तार गर्नुपर्छ । कृषि उद्योग र प्रशोधन केन्द्र स्थापना गर्नुपर्छ। साना किसानलाई सहुलियत ऋण र प्रविधि पहुँच दिनुपर्छ । तर बजेटमा यस्ता संरचनात्मक सुधारभन्दा वितरणमुखी कार्यक्रम बढी देखिन्छ । विदेशी लगानीमाथिको अत्यधिक निर्भरता सरकारले विदेशी लगानीलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा प्रस्तुत गरेको छ। तर केवल विदेशी पूँजीले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सक्दैन। नेपालमा उद्योग सञ्चालन गर्न जटिल प्रशासनिक प्रक्रिया, नीतिगत अस्थिरता, भ्रष्टाचार, कमजोर कानुनी कार्यान्वयन र पूर्वाधार अभावजस्ता समस्या छन् । यस्तो अवस्थामा विदेशी लगानीकर्तालाई आकर्षित गर्ने कुरा सजिलो छैन । विदेशी लगानी आवश्यक भए पनि राज्यले घरेलु उद्योग र स्थानीय उद्यमशीलतालाई प्राथमिकता दिनुपर्छ । चीन, दक्षिण कोरिया, जापान र भियतनामजस्ता देशहरूले सुरुवातमा आफ्नै उद्योग र उत्पादनलाई बलियो बनाएर आर्थिक विकास गरेका हुन् । नेपालले पनि आत्मनिर्भर उत्पादन प्रणाली निर्माणतर्फ ध्यान दिनुपर्छ ।



**ऊर्जा क्षेत्र : सम्भावना धेरै, नीति अस्पष्ट**

सरकारले आगामी वर्ष विद्युत उत्पादन क्षमता ५,५३५ मेगावाट पुर्याउने लक्ष्य राखेको छ । ऊर्जा क्षेत्र नेपालको ठूलो सम्भावना भएको क्षेत्र हो । तर केवल उत्पादन वृद्धि पर्याप्त हुँदैन। नेपालले विद्युत उत्पादन गरे पनि त्यसको आन्तरिक उपयोग, उद्योगीकरण र निर्यात रणनीति स्पष्ट हुनुपर्छ । यदि विद्युत उत्पादन बढ्यो तर उद्योग विस्तार भएन भने ऊर्जा खपतको आधार कमजोर रहन्छ । ऊर्जा उत्पादनलाई औद्योगिक विकाससँग जोड्न सकिएन भने यसको पूर्ण आर्थिक लाभ प्राप्त हुँदैन ।


**बेरोजगारी र युवा पलायन**

नेपालको सबैभन्दा ठूलो सामाजिक-आर्थिक संकट भनेको बेरोजगारी र युवा पलायन हो । हजारौं युवा रोजगारीका लागि विदेश जान बाध्य छन् । गाउँहरू वृद्ध र बालबालिकामात्र बस्ने अवस्थामा पुगिरहेका छन् । तर बजेटले ठोस रोजगारी सिर्जना गर्ने स्पष्ट योजना प्रस्तुत गरेको देखिँदैन । स्टार्टअप र प्रविधिको कुरा गरिए पनि श्रममूलक उद्योग, कृषि प्रशोधन, निर्माण क्षेत्र र साना उद्योग विस्तारका लागि पर्याप्त नीति छैन । देशभित्र रोजगारी सिर्जना नगरी केवल वैदेशिक रोजगारीको रेमिट्यान्समा निर्भर हुनु दीर्घकालीन रूपमा खतरनाक हुन्छ । यदि यही अवस्था जारी रह्यो भने भविष्यमा नेपाल "उत्पादनविहीन उपभोग अर्थतन्त्र" मा सीमित हुने जोखिम छ । कार्यान्वयनको पुरानो समस्या नेपालको अर्को गम्भीर समस्या भनेको बजेट कार्यान्वयन क्षमता हो । विगतमा पनि ठूलो बजेट घोषणा गरियो, तर पूँजीगत खर्च हुन सकेन । आयोजना अधुरा रहे । भ्रष्टाचार, ढिलासुस्ती र राजनीतिक हस्तक्षेपले विकास अवरुद्ध भयो । यस वर्ष पनि यदि प्रशासनिक सुधार, पारदर्शिता र जवाफदेहितामा परिवर्तन आएन भने बजेट केवल कागजी दस्तावेज बन्न सक्छ । विकास बजेट समयमै खर्च नहुनु भनेको विकास योजनाको असफलता मात्र होइन, जनताको विश्वास गुम्नु पनि हो ।

भाषणमा आधुनिक, संरचनामा पुरानो समग्रमा हेर्दा, आर्थिक वर्ष २०८३/८४ को बजेट भाषणमा आधुनिक, महत्वाकांक्षी र आकर्षक देखिए पनि यसको आधारभूत संरचना अझै कमजोर देखिन्छ । उत्पादनभन्दा खर्च, आत्मनिर्भरताभन्दा ऋण, र व्यवहारिक सुधारभन्दा प्रचारमुखी नारामा बढी जोड दिइएको अनुभूति हुन्छ । अर्थतन्त्र भाषणले होइन, उत्पादनले बलियो हुन्छ । विकास एआई को घोषणाले होइन, किसानको खेत, उद्योगको उत्पादन, युवाको रोजगारी र नागरिकको जीवनस्तरले मापन हुन्छ । यदि राज्यले कृषि, उद्योग, शिक्षा, अनुसन्धान, सुशासन र उत्पादनमूलक अर्थतन्त्रमा गम्भीर सुधार गर्न सकेन भने यो बजेट पनि विगतका धेरै बजेटझैं ठूलो घोषणा तर सीमित उपलब्धिको दस्तावेज बन्ने खतरा रहनेछ । नेपाललाई अहिले आवश्यक कुरा केवल ठूलो बजेट होइन, स्पष्ट आर्थिक दिशा हो । जबसम्म नीति उत्पादनमुखी, श्रममूलक र आत्मनिर्भर अर्थतन्त्रतर्फ केन्द्रित हुँदैन, तबसम्म बजेटको आकार बढ्दै जानु मात्र आर्थिक समृद्धिको सूचक बन्न सक्दैन ।

*(लेखक कानूनका विद्यार्थी हुन् ।)*

# नेपाल-भारत सम्बन्ध : जकडिएका सन्दर्भको फेहरिस्त




नयाँ दिल्लीको विदेश नीति क्षेत्रका कूटनीतिज्ञ, विद्वान र थिंकट्यांकहरू प्रधानमन्त्री वालेन्द्र शाहको अलग तौर तरिकाबाट चकित छन् । काठमाडौंप्रति नयाँ दिल्लीको लामो समयदेखिको दबदबा र उपदेशात्मक व्यवहारलाई ध्यानमा राख्दा, प्रम वालेन्द्र शाहको 'चिसो' व्यवहार र नयाँ दिल्लीको औपचारिक भ्रमणमा जान अनिच्छा देख्दा उनीहरूको टाउको घुमेको छ ।

काठमाडौंको कोही एक आधिकारिक नेता त भेट्नु पर्‍यो भनिकन भारतीय जनता पार्टी (भाजपा) ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई आमन्त्रण गर्‍यो । रातो कार्पेट ओछ्याएर ठूलै तामझामका साथ स्वागत गर्‍यो । फेरि, लामिछाने नफर्कँदै परराष्ट्रमन्त्री नयाँ दिल्लीको लागि रवाना भए ।

काठमाडौंको नयाँ राजनीतिक वर्गको 'ठाँटिलो' शैलीले नेपाल-भारत सम्बन्धलाई पारस्परिक हितको आधारमा स्थिर पार्छ कि पार्दैन भन्ने प्रश्न अनुत्तरित छ । रास्वपा सभापतिको भ्रमण त्यतिबेला भयो जब प्रधानमन्त्री शाहले संसदमा नेपालले पनि भारतीय भूमि मिचेको दाबी गरेर नेपालको राजनीति अस्थिर बनाइदिएका थिए । अब सम्झाउने, बुझाउने पालो आएको छ परराष्ट्रमन्त्री खनालको ।

नेपाल-भारत कूटनीतिक सम्बन्धमा दशकौंदेखि निरन्तर ह्रास आएको छ । १९५० को दशकमा दुई देशका प्रधानमन्त्री-प्रधानमन्त्री बीचको विश्वासपूर्ण सम्बन्धको तुलनामा आज नेपाली पक्ष साह्रै नै खुम्चिएको छ । समयले आफ्नो प्रभाव देखाएको छ, काठमाडौं-नयाँ दिल्लीको तुलनामा निकै कमजोर बनेको छ । 'जबर्जस्त भारतीय कूटनीति', गुप्तचर एजेन्सीहरूको दबदबा र हालैको आरएसएसमार्फत राजनीतिक 'हिन्दुत्व'को घुसपैठले काठमाडौंको राज्यसंस्थालाई थिलोथिलो पारिदिएको छ ।

जलस्रोत : हाम्रा राजनीतिज्ञ र कर्मचारीले नेपालको जलस्रोतलाई मुख्य रूपमा जलविद्युत् उत्पादन र निर्यातको रूपमा हेर्दै आएका छन् । प्रधानमन्त्री वालेन्द्र शाह सरकारले सत्तामा आएलगत्तै जारी गरेको १०० बुँदे कार्ययोजना पनि भारतलाई विद्युत् उत्पादन गरी बेच्ने रणनीतिमै केन्द्रित छ ।

यो दृष्टिकोणले नयाँ दिल्लीको मुख्य चासो नेपालमा उच्च बाँध र ठूला जलाशयहरू निर्माण गर्नु रहेको कुरालाई नजरअन्दाज गर्छ ।

लिम्पियाधुरा : लिम्पियाधुरा त्रिकोणको विवादले द्विपक्षीय सम्बन्धमा ठूलो दरार उत्पन्न गरेको छ । लिपुलेक-कालापानी-लिम्पियाधुरा क्षेत्रमा सुगौली सन्धि (१८१६) अनुसार महाकाली नदीलाई सीमा नदी मानेर गरेको काठमाडौंको दाबीलाई नयाँ दिल्लीले ठाडै अस्वीकार गर्दै आएको छ ।

यो द्विपक्षीय खाडललाई कसरी पार गर्ने भन्नेमा नयाँ दिल्ली सम्बन्धित अर्कै प्रसंगले अहिलेलाई बाटो देखाउँछ- अक्साई चीन र आजाद कश्मीर क्षेत्र सात दशकदेखि भारतीय नक्सामा छन्, तर नियन्त्रणमा छैनन् ।

ईपीजी : फेब्रुअरी २०१६ मा नेपाल र भारत सरकारले द्विपक्षीय सम्बन्धलाई अद्यावधिक र सुदृढ गर्न 'एमिनेन्ट पर्सन्स् ग्रुप' (ईपीजी) गठन गरे । २०१८ जुलाईमा दुवै सरकारले चुनेका सम्मानित बुद्धिजीवीले सर्वसम्मत प्रतिवेदन तयार पारे पनि प्रधानमन्त्री नरेन्द्र मोदीले पुरै यस अभ्यासलाई त्याग्ने मनस्थिति बनाएको देखिन्छ ।

प्रधानमन्त्री मोदीको अनिच्छा बुझिनसक्नु छ, किनकि दुवै सरकार ईपीजीको सुझाव-सिफारिस स्वीकार्ने बाध्य छैनन् । नयाँ दिल्लीले आफ्नो अड्को जारी राख्यो भने, नेपाल सरकारले एकतर्फी रूपमा यो दशक पुरानो सर्वसम्मत प्रतिवेदन सार्वजनिक गर्नुनै विवेकपूर्ण हुन्छ ।

अग्निपथ योजना : नेपालीहरू सन् १८१८ देखि बेलायती सेनामा सेवा गर्दै आए पनि सन् १९४७ मा भारतीय स्वतन्त्रतापछि त्रिपक्षीय सम्झौताबाट गोरखा ब्रिगेड दुई देशका सेनामा विभाजित भयो ।

नेपाल आधुनिक युगको राष्ट्र-राज्य बन्दै गर्दा पराया सेना भर्ती प्रणाली कायम रह्यो । नेपाली नागरिकले भारतीय झण्डामुनि चीन र पाकिस्तानसँगको युद्धमा लडेका छन् भने श्रीलंकामा खटिए । प्रश्न उठ्छ, सार्क सदस्यीय राष्ट्रले आफ्ना नागरिकलाई एक छिमेकीविरुद्ध अर्को छिमेकीको तर्फबाट हतियार उठाउन दिनु कति उचित ?

सन् २०२२ मा प्रधानमन्त्री मोदीले भारतीय सेनामा भर्ती प्रक्रिया फेरबदल गर्ने गरी 'अग्निपथ' नाम गरेको योजना ल्याएर नेपाली अधिकारीहरूलाई गोरखा भर्ती रोक्ने बहाना दिए । सन् १९४७ को सम्झौता उल्लंघन भएको भन्दै चुपचाप गोरखा भर्ती बन्द गरियो । अब प्रधानमन्त्री वालेन्द्र शाहको सरकारले औपचारिक घोषणा गरेर नै नेपाली नागरिकहरू भारतका लागि 'अग्निवीर' बनेर लड्न नपर्ने व्यवस्था गर्नुपर्छ ।

उत्तरको छिमेकी चीनसँग स्वतन्त्र सम्बन्ध विकास गर्न नेपालको प्रयासलाई नयाँ दिल्लीका अधिकारी र सम्बद्ध थिंकट्याङ्कले सधैं शंका गर्ने गरेका छन् । ऐतिहासिक रूपमा नेपालको तिब्बत पठारसँगको सम्बन्ध गंगा मैदानसँग जत्तिकै 'विशेष' छ भन्ने हेक्का सबैले राख्नुपर्छ । विकसित औपनिवेशिक भूराजनीतिका कारण सन् १९०० को सुरुदेखि नेपालको अर्थतन्त्र दक्षिणतर्फ मोडिँदै गयो, तर विकसित यातायात र पूर्वाधारको वर्तमान युगमा नेपालले आफूलाई भारत 'घेरिएको' र उत्तरतिरको विकल्प नभएको ठान्नुपर्ने कारण छैन ।

बेइजिङतर्फ नजरः नयाँ दिल्लीले नेपालबाटको जलविद्युत् आयातमा कुनै पनि खालको चिनियाँ समलग्नता देखिएमा रोक लगाउने गरेको छ । चिनियाँ लगानी रहेको हिमालय एयरलाइन्सलाई भारतीय विमानस्थलमा प्रवेश निषेध गरिन्छ भने पोखरा र भैरहवाका दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ 'संलग्नता'का कारण भारतीय सहरहरूसँग जोड्न दिइँदैन ।

'बेल्ट एन्ड रोड इनिसिएटिभ' ('बीआरआई') मा नेपालको संलग्नता नचाहने नयाँ दिल्लीको व्यवहारबारे बेइजिङले के सोच्दछ होला ? वाणिज्य, पर्यटन, पूर्वाधार र विकास वित्तमा काठमाडौंको बेइजिङसँगको सहकार्यलाई भारतीय पक्षले भूराजनीतिक झुकाव वा 'टिल्ट' मान्न मिल्दैन । त्यस्तो दृष्टिकोणले 'नयाँ दिल्ली मस्तिस्क'मा भूराजनीतिक आत्मविश्वासको कमी मात्र दर्शाउँछ। आफू चाहिँ चीनको अर्थतन्त्रसँग पूरै गाँसिएको भारतले नेपाललाई चीनबाट यसरी टाढा राख्न खोज्नु न उचित हो, न मित्रवत ।

नेपालमाथि नजर : अर्थतन्त्रको सन्दर्भमा नयाँ दिल्ली संकथनले नेपाललाई कमजोर छिमेकीको रूपमा प्रस्तुत गर्छ र काठमाडौंले पनि यो 'स्टेरियोटाईप' आत्मसात् गर्दै हीनताबोध बोक्ने गरेको छ । तर, व्यापार र विप्रेषणको अध्ययनले नेपालको अर्थतन्त्र भारतका लागि धेरैनै महत्त्वपूर्ण र फाइदाजनक देखाउँछ ।

नेपाली नागरिक भारतमा मजदुरी गर्न गएकालाई नेपालको कमजोर अर्थतन्त्रको प्रमाणको रूपमा तेर्साइन्छ, तर वास्तवमा भारतबाट मजदुर पठाउने सातौं ठूलो अर्थतन्त्र हो नेपाल । झारखण्ड, बिहार, उडिशा जस्ता भारतका गरिब क्षेत्रको अर्थतन्त्रलाई नेपालमा काम गर्ने भारतीय कामदारले घर पठाउने रेमिटेन्सले धेरै हदसम्म थेगेको छ ।

नेपालमा काम गर्ने भारतीय मजदुरले पठाउने रकम वार्षिक करिब ४ अर्ब अमेरिकी डलर रहेको अनुमान छ भने भारतमा काम गर्ने नेपालीले पठाउने रकम त्यसको एक तिहाई पनि छैन । यसले पनि बृहत्तर भारत र त्यहाँका सबैभन्दा गरिब प्रान्तहरूलाई नेपालको महत्त्व स्पष्ट हुन्छ । यो पनि बुझौं, भारतीय वस्तु तथा सेवाको निर्यातका लागि दक्षिण एसियामा बंगलादेशपछि दोस्रो ठूलो गन्तव्य हो नेपाल । नयाँ दिल्लीका टिप्पणीकार र भूराजनीतिक विश्लेषकहरूले नेपालको भारतका लागि आर्थिक महत्त्व बुझ्न सक्नुपर्छ ।

विग्रहकारी हस्तक्षेप : नेपाल-भारत द्विपक्षीय सम्बन्धको कटु सत्य भनेको हाम्रो राजनीति र राजकाजमा नयाँ दिल्लीको निरन्तर हस्तक्षेप हो । आर्थिक, कूटनीतिक र गुप्तचर संस्थाहरूमार्फत दबाब दिइरहने भारतले पछिल्लो दश वर्षमा राजनीतिक 'हिन्दुत्व' निर्यात गरेर अझ ठूलो खतरा सिर्जना गरेको छ, किनकि यसको लक्ष्य नेपाली समाजको सांस्कृतिक र सामुदायिक अन्तरसम्बन्धमा बिग्रहको बीउ रोप्नु हो, उत्तर र मध्य भारतमा जस्तै ।

सनातन परम्परा : नेपालको सनातन परम्पराको संकुचित व्याख्या गर्दै एकथरीले भारतमा हुँदै गएको जस्तै सामाजिक विभाजन भित्र्याउन चाहन्छन् । यहाँको नेपालको 'आस्था-आधारित' परम्परा अझै राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को ध्रुवीकरणकेन्द्रित विचारधाराले ग्रस्त छैन ।

तर हालै त्यस भारतीय संस्था नेपालमा अत्यधिक सक्रिय हुँदै गएको छ । नेपाली 'हिन्दुत्ववादी' संगठनहरूमार्फत काम गर्न नपुगेर आरएसएसले काठमाडौंमा आफ्नै आधार शिविर स्थापना गरेको छ । हिन्दु स्वयंसेवक संघ ('एचएसएस') नामक संस्थाको कार्यक्रम काठमाडौंको गुजेश्वरी क्षेत्रमा रहेको 'केशव धाम' नामक भवनबाट सञ्चालित छ, जहाँ भारतीय नागरिकनै आयोजक र प्रचारक छन् ।

काठमाडौंका विगतका सरकारहरू भारतको दलगत राजनीतिसँग सम्बन्धित 'हिन्दुत्व' आइडियोलोजीको ध्रुवीकरणकारी खतराप्रति उदासीन रहे । यहाँको समन्वयात्मक समाजमाथि बढ्दै गएको खतराप्रति सजग रहेनन् ।

प्रधानमन्त्री बालेन्द्र शाहको, उनका सल्लाहकार टोली तथा रास्वपाका नेता-कार्यकर्ताले आरएसएसको विशेष धार्मिक विचारधाराको नेपालभित्र भइरहेको प्रचारबाट निम्तिने खतरा बुझ्नुपर्छ । निर्वाचनमा जनताले त्यसरी विश्वास गरेको दलको मूल दायित्व देश-जनता-समाजको खतरनाक बाह्य हुण्डरी सामु प्रतिरक्षा गर्नु हो ।

'एचएसएस'को मुलुकमा गरिने गतिविधि कुनै आश्रम, ध्यानकेन्द्र वा आध्यात्मिक समूहको जस्तो होइन । यो त छिमेक देशको एक राजनीतिक शक्तिको विचारधारा नेपालमा फैलाउन प्रायोजित राजनीतिक संस्था हो । वालेन्द्र शाह सरकारले स्पष्टता र साहसका साथ हिन्दु स्वयंसेवक संघको हस्तक्षेपकारी योजना विफल तुल्याउनुपर्छ, उक्त संस्था बन्द गर्न आदेश दिँदै । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ ।

# कांग्रेसले सरकारका कामकारबाहीमाथि निगरानी बढाउने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सरकारका कामकारबाहीमाथि निगरानी बढाउनका लागि आन्तरिक तयारी अघि बढाएको छ।



मन्त्रालयगत संयोजकहरूको आइतबार बसेको बैठकले सरकारका कामकारबाहीमाथि निगरानी बढाउने निष्कर्ष निकालेको हो।

संसदीय दल नेता भीष्मराज आङ्देम्बे नेतृत्वमा आज बसेको बैठकले संसदमा आफ्नो भूमिकालाई थप सशक्त बनाउने र सरकारका कामबारबाहीमाथि निगरानी बढाउने निर्णय गरेका छ।

मन्त्रालयगत संयोजकको जिम्मेवारी पाएका सांसदहरूले सरकारका गतिविधि, मन्त्रालयहरूको कार्यसम्पादन तथा जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूबारे आज धारणा पनि राखेका छन् ।

बैठकमा मन्त्रिपरिषदको निर्णय तथा सरकारका कामकारबाहीको नियमित निगरानी गर्ने, मन्त्रालयगत गतिविधिको अध्ययन र विश्लेषण गर्ने तथा संसदमा प्रभावकारी ढंगले विषय उठाउने विषयमा छलफल भएको संसदीय दल नेता आङ्देम्बेको सचिवालयले जनाएको छ । यसका साथै राष्ट्रिय महत्वका मुद्दामा पार्टीको धारणा निर्माण गर्न सुझाव दिने, जनताका गुनासा तथा समस्यालाई सम्बन्धित निकायसम्म पुऱ्याउने र सरकारलाई जवाफदेही बनाउन सक्रिय भूमिका खेल्ने निर्णय पनि भएको छ।

मन्त्रालयगत जिम्मेवारी पाएका संयोजकहरूको बैठक प्रत्येक महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा बस्ने निर्णय गरेको छ । आवश्यकता र परिस्थितिअनुसार जुनसुकै समयमा पनि बैठक बोलाउन सकिने जनाएको छ।

सिंहदरबारस्थित दलको कार्यालयमा बसेको बैठकले मन्त्रालयगत संयोजकहरूको सक्रियता बढाएर सरकारको कामको प्रभावकारी अनुगमन गर्दै संसदमा रचनात्मक तथा सशक्त प्रतिपक्षी भूमिका निर्वाह गर्ने तयारी थालेको छ।

> मन्त्रालयगत जिम्मेवारी पाएका संयोजकहरूको बैठक प्रत्येक महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा बस्ने निर्णय गरेको छ ।

# कमला पुलमा पुग्दा भौतिकमन्त्री लम्साल किन भागे

**टुडे समाचारदाता**

जनकपुरधाम । भौतिक पूर्वाधार विकास तथा शहरी मन्त्री सुनिल लम्साल शनिबार धनुषा-सिरहाको सीमामा पर्ने कमला नदीमा निर्माणाधीन पुलको निरीक्षण गरी हतारहतारमा फर्केका थिए । त्यहाँबाट फर्किनुको कारण थियो, स्थानीयवासीको घेराबन्दी । मन्त्री लम्साल नेतृत्वको टोली निरीक्षण सकेर कुनै स्पष्ट प्रतिबद्धता नदिई फर्किन खोजेपछि आक्रोशित स्थानीय अगुवाले उनीसँगै हिँडेर सरकारविरुद्धसमेत नारावाजी भएको थियो ।



पूर्व-पश्चिम यात्रामा रहेका मन्त्री लम्साल कमला पुलको अवस्थाबारे जानकारी लिन पुगेका थिए । उनीसँग प्रतिनिधिसभा सदस्य बब्लु गुप्तालगायत जनप्रतिनिधि र सरकारी अधिकारीहरूको टोली पनि थियो । तर वर्षौंदेखि पुलको समस्या भोग्दै आएका स्थानीयले मन्त्रीबाट ठोस जवाफको अपेक्षा गरेका थिए ।

सरकारले ल्याएको बजेटमा पनि कमला पुल प्राथमिकतामा नपर्दा स्थानीय अक्रोसित भएका छन् । हुलाकी राजमार्गको लाइफलाइन मानिने कमला पुल पूर्वी धनुषा र सिरहाको सदरमुकाम समेत जोडिने गर्दछ । स्थानीयका अनुसार मन्त्री निरीक्षण गरेर कुनै सम्बोधन नगरी तथा सञ्चारकर्मीलाई समेत प्रतिक्रिया नदिई फर्किन लागेपछि असन्तुष्टि चुलिएको थियो । मन्त्री सवार गाडी स्थानीयले घेरेपछि उनी गाडीबाट ओर्लिन बाध्य भएका थिए ।

त्यसक्रममा स्थानीयले 'पुल कहिले सम्पन्न हुन्छ ?' भन्ने प्रश्नको स्पष्ट जवाफ मागेका थिए । मन्त्री लम्सालले तत्कालै निर्माण कम्पनीका प्रतिनिधिसँग सोधपुछ गरेका थिए। निर्माण कम्पनी लुम्बिनी बिल्डर्स जेभीका प्रतिनिधिले १५ दिनभित्र आवतजावत गर्न मिल्ने गरी पुल सञ्चालनमा ल्याउने आश्वासन दिएपछि मात्रै स्थानीयले मन्त्रीको टोलीलाई जान दिएका थिए ।

स्थानीयका अनुसार मन्त्रीलाई घेर्नुअघि निर्माण कम्पनीका सञ्चालक विष्णु शर्मालाई समेत स्थानीयले जवाफदेही बनाउन खोजेका थिए ।

कमला पुलको निर्माण ढिलाइको विषय नयाँ भने होइन । २०६८ मंसिरमा २४ करोड ९१ लाख रुपैयाँ लागतमा ठेक्का लागेको ४ सय ७० मिटर लामो पुल साढे तीन वर्षमै सम्पन्न हुनुपर्ने थियो । तर ठेक्का पाएको पप्पु-लुम्बिनी जेभीले समयमै काम सम्पन्न गर्न सकेन । पटक-पटक म्याद थप्दा पनि निर्माण सम्पन्न नभएपछि स्थानीयमा निराशा बढ्दै गयो ।

हुलाकी सडक संघर्ष समितिको आन्दोलन र रिले अनशनपछि सरकारले पप्पु कन्स्ट्रक्सनबाट ठेक्का खोसेर २०७६ असोजमा लुम्बिनी बिल्डर्सलाई जिम्मा दिएको थियो । नयाँ कम्पनीले काम सकेर उद्घाटनको तयारी गरिरहेका बेला २०७८ असार १७ गते सामान्य बाढीकै दबाब थेग्न नसकेर पुल भासिएको थियो ।

त्यसयता पुनर्निर्माण भइरहेको भए पनि पाँच वर्ष बित्न लाग्दा समेत काम पूरा हुन सकेको छैन । पुलको डिजाइनमै त्रुटि रहेको आरोप उठ्दै आएको छ भने यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान गरिरहेको छ ।

स्थानीय अगुवाहरूले पुरानै संरचना सुधार्नेभन्दा नयाँ डिजाइनसहित नयाँ पुल निर्माण गर्नुपर्ने माग राख्दै आएका छन् । तर सरकार र निर्माण कम्पनीबाट पटक-पटक आश्वासन मात्र आउने र काम नदेखिने अवस्थाले स्थानीयको आक्रोश बढ्दै गएको छ ।

त्यही आक्रोश शनिबार मन्त्री लम्सालको निरीक्षण भ्रमणमा प्रत्यक्ष देखियो । १५ वर्षदेखि अलपत्र रहेको कमला पुलका कारण दैनिक सास्ती खेपिरहेका स्थानीयले अब आश्वासनभन्दा काम चाहिएको भन्दै मन्त्रीलाई घेराउ गरेका हुन् । मन्त्रीको टोलीले १५ दिनभित्र पुल सञ्चालनमा ल्याउने प्रतिबद्धता गरे पनि स्थानीयवासीले भने भाषण होइन, व्यवहारमा चाहियो भन्दै आक्रोश पोखेका थिए ।

# विकास, सम्मृद्धि र सुशासनको पक्षमा निरन्तर काम गर्छौं: महामन्त्री बुर्लाकोटी

गोरखा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री एवं पार्टीका संसदीय दलका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले विकास, सम्मृद्धि र सुशासनको पक्षमा सरकारले निरन्तर काम गर्ने बताउनुभएको छ । रास्वपा गोरखाको प्रथम जिल्ला अधिवेशनको आइतबार उद्घाटन गर्दै उहाँले विकास निर्माणका सवालमा सबै राजनीतिक दलसँग सहकार्य गरेर अघि बढ्ने स्पष्ट पार्नुभयो ।



"रास्वपालाई जनताले दिएको मत अरु पार्टीसँग पङ्गा खेल्न होइन", महामन्त्री बुर्लाकोटीले भन्नुभयो, "सबै मिलेर काम गऱ्यौँ भने मात्र राम्रो नतिजा ल्याउन सकिन्छ ।" उहाँले गोरखकाली रवर उद्योगलाई पुनः सञ्चालनमा ल्याउन पहल भइरहेको र त्यसका लागि अर्थ मन्त्रालयसँग आफूले पटक-पटक छलफल गरेको बताउनुभयो ।

"गोरखकाली रवर उद्योगमा निजी क्षेत्रले लगानी गरेर अघि बढ्न सक्ने सम्भावना प्रवल छ", उहाँले भन्नुभयो, "सरकारले चलाए पनि, सरकार र निजी क्षेत्र मिलेर चलाए पनि, उद्योग चल्नुपर्छ, सबै गाडीमा गोरखकाली रवर उद्योगको टायर हालेर गाडी गुडेको देख्न पाउनुपर्छ ।"

त्यस्तै बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण गर्न आगामी आर्थिक वर्षका लागि केही बजेट विनियोजन भएको र आयोजनालाई अधिकार सम्पन्न प्राधिकरण गठन गरेर ठोस निर्णय गरी निर्माण अघि बढाउने महामन्त्री बुर्लाकोटीले बताउनुभयो । राजनीति ठिक भएमात्र सबै क्षेत्र राम्रो हुने भन्दै त्यसका लागि सुधार गर्ने प्रयास सरकारले गरिरहेको उहाँको भनाइ छ।

महामन्त्री बुर्लाकोटीले बाहिरबाट आउने 'रेमिट्यान्स' ले मात्र देशले आर्थिक समृद्धि हासिल हुन नसक्ने भएकाले देशभित्र उद्योग धन्दा खोल्नुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको उल्लेख गर्नुभयो । आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको बजेट विकास, निर्माण र आर्थिक सम्बृद्धि हासिल गर्नेतर्फ केन्द्रित रहेको उहाँको भनाइ छ । रासस

# 'निरंकुश प्रवृत्तिको स्पष्ट द्योतक'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले सरकारले संसदबाट पास भइसकेको आर्थिक विधेयकमा आफूखुसी संशोधन गरी करका दरमा मनलाग्दी हेरफेर गरेकोप्रति कडा आपत्ति जनाएका छन् ।



आर्थिक विधेयक टेबल भइसकेपछि अर्थमन्त्रीले 'त्रुटि सुधार'को नाममा पत्र पठाएर करका दर परिवर्तन गर्नु विधायिकालाई छलेर कार्यपालिकाले जति पनि मनलाग्दी गर्नसक्छ भन्ने खतरनाक नजिर भएको उनले टिप्पणी गरे ।

उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'यो संसदीय नियमावली, मर्यादा र विश्वव्यापी प्रचलनको स्पष्ट उल्लंघन हो । यो सार्वभौम संसद्को विशेषाधिकारमाथिको नांगो हस्तक्षेप हो । हाम्रोजस्तो प्रस्तुत विधेयकलाई कार्यकारी दबाबमा बाइपास गरी उपेक्षा गर्ने प्रचलन भारत, बेलायतलगायत कुनै पनि परिपक्व संसदीय लोकतन्त्रमा छैन । यो घटना खुल्लमखुल्ला स्वेच्छाचारिता र संसदीय परम्पराप्रतिको घोर अपमान हो ।'

राजनीतिक दबाबमा तोक लगाएर विधेयक दर्ता गर्नु संस्थागत निरिहता भएको र यो संसदीय 'लोकतन्त्रको हत्या र बहुमतको अहंकार' पनि भएको नेता केसीको धारणा छ ।

'बजेटजस्तो संवेदनशील विषयमा सरकारले नियम मिचेर 'कमा-फुलस्टप' खेल्न पाउने हो भने संसद् केको लागि ?' उनको प्रश्न छ ।

उनले थप लेखेका छन्, 'यो निरंकुश प्रवृत्तिको स्पष्ट द्योतक हो । यसले सार्वभौम संसद्को उपहास मात्र गरेको छैन, संसदीय लोकतन्त्रको आत्मालाई नै घायल बनाएको छ ।'

देश निर्वाचित अधिनायकवादतर्फ उन्मुख भएको स्पष्ट संकेत देखिँदै गएको भन्दै केसीले यो प्रक्रिया तत्काल राक्नुपर्ने माग गरेका छन् ।

सरकारसँग बहुमत रहेकाले गल्ती स्वीकार गर्दै विधेयकलाई औपचारिक संशोधनसहित संसदमा पेश गर्नु नै सम्मानजनक बाटो भएको उनको भनाइ छ ।

## प्रतिपक्षले विरोधमात्र गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ : पूर्वगृहमन्त्री गुरुङ



गोरखा । पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता सुधन गुरुङले राजनीतिमा प्रतिपक्ष दलहरूले बिरोधमात्र गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी गोरखाको प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रमलाई आज सम्बोधन गर्नुहुँदै उहाँले राम्रो कामलाई प्रतिपक्षले पनि सहयोग गरेर अघि बढ्नुपर्ने बताउनुभयो । पूर्वगृहमन्त्री गुरुङले देश बनाउन सबै मिलेर अघि बढनुपर्ने भन्दै रास्वपा देश बनाउन आएको पार्टी भएको उल्लेख गर्नुभयो ।

"राम्रो कुरालाई सबै दलले साथ दिनुपऱ्यो", उहाँले भन्नुभयो, "विरोधका लागि विरोध गरेर मात्र हुँदैन ।" गोरखा क्षेत्र नं १ का प्रतिनिधिसभाका सांसद्समेत रहनुभएका उहाँले निर्वाचनमा आफूले गरेको बाचापत्र पूरा गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"मैले गरेको बाचा पहिला थियो, अहिले पनि छ भोलि पनि रहिरहनेछ", उहाँले भन्नुभयो, "गोरखाले मलाई जिताएको फोटो खिच्न होइन, काम गर्न हो भन्ने बुझेको छु ।" पूर्वगृहमन्त्री गुरुङले निर्वाचन क्षेत्रका जनताको समस्यालाई समाधानका लागि छिट्टै सचिवालय स्थापना गरेर काम गर्ने उहाँको छ ।

# "उच्च प्रतिफलको योजनामा स्रोत केन्द्रित गर्न बजेटले ध्यान दिएन"

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका नेता तथा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको बजेटले कतिपय क्षेत्रगतमा पर्याप्त ध्यान दिन नसकेको बताएका छन् ।



काठमाण्डुमा आइतबार आयोजित एक कार्यक्रममा पाण्डेले सरकारले राष्ट्रिय गौरवका आयोजनाको संख्या धेरै बनाए पनि ती आयोजनामा पर्याप्त बजेट विनियोजन गर्न नसकेको बताए ।

उनका अनुसार हाल रहेका २४-२५ वटा राष्ट्रिय गौरवका आयोजनामा थोरै-थोरै बजेट छर्दा कुनै पनि आयोजना समयमै सम्पन्न हुन सकेको छैन ।

उनले सरकारसँग बहुमतको शक्ति रहेकाले आयोजनाहरूलाई स्पष्ट रूपमा प्राथमिकतामा राखी सिमित संख्यामा केन्द्रित हुनुपर्ने बताए ।

अधिकांश मन्त्रालयको बजेट विगतकै निरन्तरतामा रहेको उल्लेख गर्दै उनले उच्च प्रतिफल दिने योजनामा बढी स्रोत केन्द्रित गर्नुपर्ने भनाइ राखे ।

'नेपालमा व्यवसायीहरू मर्कामा पर्ने प्रमुख कारणमध्ये एक उधारो रकम असुल हुन नसक्नु पनि हो । व्यवसायीहरूले उधारो दिन्छन्, तर असुल-उपर गर्न प्रहरीकहाँ जाँदा "यो त तपाईंहरूको निजी कुरा हो, हामी गर्दैनौँ" भन्ने जवाफ पाइन्छ,' पूर्व अर्थमन्त्री पाण्डेले भने, 'जबकि अमेरिका लगायत अन्य धेरै देशहरूमा उधारो असुलीका लागि कानुनी तथा सरकारी संयन्त्रहरू प्रभावकारी रूपमा परिचालित हुन्छन् । नेपालको सन्दर्भमा पनि यस्तो व्यवस्था आवश्यक थियो । यो विषय आगामी बजेटमा केही हदसम्म समेटिएको देखिन्छ, तर मैले उठाएको अर्को महत्वपूर्ण कुरा भने यसमा समावेश भएको देखिँदैन ।'

पाण्डेका अनुसार कम प्राथमिकताका आयोजनाबाट बजेट सारेर मुख्य आयोजनालाई समयमै सम्पन्न गर्नसके त्यसबाट अर्थतन्त्रले ठूलो लाभ लिनसक्छ । उदाहरणका रूपमा उनले द्रुतमार्ग परियोजना पूरा भए वीरगञ्ज-काठमाडौं यात्रामा लाग्ने समय उल्लेखनीय रूपमा घट्ने र त्यसले ढुवानी, व्यापार तथा समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने बताए ।

'अहिले हामीसँग २४-२५ वटा राष्ट्रिय गौरवका आयोजना छन् । सबै आयोजनालाई "गौरवको आयोजना" घोषणा गरिएको छ, तर पर्याप्त बजेट उपलब्ध गराउन सकिएको छैन । परिणामस्वरूप सबै आयोजनामा थोरै-थोरै रकम छरिने, तर कुनै पनि आयोजना समयमै सम्पन्न नहुने अवस्था सिर्जना भएको छ । यसरी सबै योजनामा बजेट बाँड्दा कार्यसम्पादन प्रभावकारी हुन सक्दैन,' उनले भने, 'मेरो विचारमा यस्ता आयोजनाहरूलाई सीमित गरी स्पष्ट प्राथमिकतामा राख्नुपर्थ्यो । अहिले सरकारसँग बहुमत भएकाले आवश्यक निर्णय गर्ने पर्याप्त शक्ति पनि छ। बजेट हेर्दा माननीयहरूले माग गरेका धेरै कार्यक्रमहरू समेटिएका जस्तो देखिँदैनन् । मन्त्रालयगत विनियोजन आएपछि त्यसबारे अझ स्पष्ट हुनेछ तर समग्र रूपमा हेर्दा अधिकांश मन्त्रालयको बजेट लगभग यथावत् रहेको देखिन्छ ।'

पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा अन्तर्राष्ट्रिय आपूर्ति शृंखलामा देखिएको अनिश्चितताका कारण रासायनिक मलको अभाव र मूल्यवृद्धिको जोखिम बढेको उनले स्पष्ट पारे ।

# 'नेपालले भारतको सीमा मिचेको भन्नु अरु भूमि भारतलाई सुम्पिनु हो'

**टुडे समाचारदाता**

पाँचथर । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (साम्पाङ)ले प्रधानमन्त्रीबाटै नेपालले भारतको सीमा मिचेको भन्नु भनेको आफ्नो अरु भूमि भारतलाई सुम्पिनु जस्तै रहेको टिप्पणी गर्दै आपत्ति जनाएका छन् ।



पाँचथरको जेभालेमा आयोजित पार्टी प्रवेश कार्यक्रममा बोल्दै उनले प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्ति लक्षित गर्दै यस्तो टिप्पणी गरेका छन् । 'त्यो पदमा बसेका मान्छेले त्यस्तो भन्नु हुँदैन । श्रम संस्कृति यो देशको अखण्डता र सीमा रक्षाको पक्षमा सतिसाल भएर उभिएको छ,' साम्पाङले भने । उनले प्रधानमन्त्री बालेनको चर्को आलोचना गरे ।

उनले भने, 'जो व्यक्ति बनाउन जान्दैन, खाली भत्काइदिन्छ, गरिबको घरमा डोजर हान्देको छ, जलाइदिएको छ । त्यस्तो मान्छे चाहिँ राम्रो भन्ने हुँदैन ।'

उनले रास्वपाले राई-लिम्बुलाई समानुपातिकमा सांसद नबनाउनुको कारण सोध्न पनि आग्रह गरे ।रासस


मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
पर्यटन विकास कार्यालय
गौर, रौतहट

भिजिट मधेश २०८३ का लागी प्रमुख गन्तव्य स्थलमा स्तरोन्नती कार्य सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२५)

उपरोक्त सम्बन्धमा मधेश प्रदेश सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी पर्यटकीय गन्तव्यहरूको विकास तथा प्रवर्द्धनलाई नीति तथा कार्यक्रममा भिजिट मधेश २०८३ लाई समेटेको छ। यस कार्यालयको मिति ०८३/०२/२२ गते प्रकाशित सूचना बमोजिम यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने रौतहट र सर्लाही जिल्लामा भिजिट मधेश २०८३ का लागी प्रमुख गन्तव्य स्थलमा स्तरोन्नती कार्य गर्न आवश्यक रहेकोमा तपशिल अनुसारको विवरण तथा कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा दर्ता गर्नु हुन सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध छ।

तपशिल
- वडा कार्यालयको सिफारिस पत्र।
- पर्यटकीय स्थलको नाम, ठेगाना तथा संक्षिप्त परिचय।
- पर्यटकीय स्थलको हालको अवस्थासहित फोटोहरू।
- स्थलको स्वामित्व सम्बन्धी विवरण (सार्वजनिक/सामुदायिक/गुठी/स्थानीय तह आदि)।
- जग्गाधनी प्रमाणपत्र वा जग्गा उपयोग गर्न मिल्ने आधिकारिक कागजात।
- स्थलको नक्सा वा स्केच तथा पहुँच मार्गको विवरण।
- स्थानीय समुदाय, टोल विकास संस्था वा सरोकारवालाको सहमति पत्र।
- वातावरणीय तथा सामाजिक प्रभाव सम्बन्धी संक्षिप्त विवरण (आवश्यक भएमा)।
- पर्यटक आगमन, धार्मिक/सांस्कृतिक/ऐतिहासिक महत्व सम्बन्धी जानकारी।
- स्थानीय तहको वार्षिक योजना वा पर्यटन विकास योजनामा समावेश भएको प्रमाण (भएमा)।

# रुसको आर्थिक मञ्चमा ८९ अर्ब डलरभन्दा बढीका सम्झौता



रासस/एएफपी । रुसको सेन्ट पिटर्सबर्गमा आयोजित सन् २०२६ को अन्तर्राष्ट्रिय आर्थिक मञ्चमा करिब ८९ अर्ब ६० करोड अमेरिकी डलर (झण्डै ६ दशमलव ६ ट्रिलियन रुबल) बराबरका सम्झौताहरू सम्पन्न भएका छन् ।

मञ्चको आयोजक समितिका कार्यकारी सचिवले शनिबार जानकारी दिँदै चार दिनसम्म सञ्चालन भएको कार्यक्रममा १ हजार ८४ वटा विभिन्न सम्झौता सम्पन्न भएको बताउनुभएको छ । मञ्च बुधबारदेखि शनिबारसम्म आयोजना गरिएको थियो ।

उहाँका अनुसार यस वर्षको मञ्चमा विश्वका १४२ देशका प्रतिनिधिहरू सहभागी भएका थिए । व्यापार, लगानी, ऊर्जा, प्रविधि, पूर्वाधार विकास तथा अन्तर्राष्ट्रिय आर्थिक सहकार्यका विविध विषयमा छलफल हुनुका साथै विभिन्न क्षेत्रसँग सम्बन्धित सम्झौताहरूमा हस्ताक्षर गरिएको थियो ।

रुसको प्रमुख अन्तर्राष्ट्रिय आर्थिक कार्यक्रमका रूपमा परिचित यो मञ्चले विश्वभरका सरकारी प्रतिनिधि, उद्योगी, लगानीकर्ता तथा आर्थिक नीति निर्माताहरूलाई एकै थलोमा ल्याउने गरेको छ । आयोजकहरूका अनुसार यस वर्षको सहभागिता र सम्झौताहरूको परिमाणले मञ्चप्रति अन्तर्राष्ट्रिय चासो निरन्तर बढिरहेको सङ्केत गरेको छ ।

# इरान युद्धले तेल बजारमा 'ओपेक प्लस'को प्रभाव कमजोर, उत्पादन बढाउने तयारी

रासस/एएफपी । इरान युद्धका कारण तेल आपूर्ति अवरुद्ध भएपछि विश्व बजारमा मूल्य तीव्र रूपमा बढ्दै गएको अवस्थामा 'ओपेक प्लस' का मन्त्रीहरूले आइतबार हुने बैठकमा उत्पादन कोटा बढाउने विषयमा छलफल गर्ने भएका छन् । यस कदमको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय बजारमा बढ्दो तेल मूल्यलाई नियन्त्रणमा ल्याउनु हो ।




विश्लेषकहरूका अनुसार ओपेक प्लसले दैनिक करिब १ लाख ८८ हजार ब्यारेलसम्म उत्पादन वृद्धि गर्ने निर्णय गर्न सक्ने सम्भावना छ, जुन पछिल्ला निर्णयहरूसँग मिल्दोजुल्दो हुनेछ । तर उत्पादन क्षमता सीमित भएकाले वास्तविक रूपमा केवल सात देशहरू–साउदी अरेबिया, रूस, इराक, कुवेत, काजाकिस्तान, अल्जेरिया र ओमानले मात्र आपूर्ति बढाउन सक्ने अवस्था रहेको बताइएको छ ।

इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि महत्वपूर्ण समुद्री मार्ग स्ट्रेट अफ होर्मुज बन्द जस्तै भएको छ, जसले विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित पारेको छ । यस अवरोधका कारण अन्तर र्राष्ट्रिय बजारमा तेलको मूल्य झन्डै दोब्बर पुगेको छ र त्यसको असर विश्वभर मुद्रास्फीतिमा देखिन थालेको छ ।

विशेषज्ञहरूको भनाइमा ओपेक प्लसले उत्पादन बढाउने घोषणा गरे पनि त्यसको वास्तविक प्रभाव सीमित हुने सम्भावना छ । स्याक्सो बैंकका विश्लेषक ओले ह्यान्सनका अनुसार ओपेकसँग बजारमा ठूला र निर्णायक परिवर्तन ल्याउने विकल्पहरू अहिले धेरै बाँकी छैनन्, जसले गर्दा यसको नीतिगत प्रभाव पहिलेको तुलनामा कमजोर देखिएको छ ।

# नेपाल एसियाली खेलकुद छनोटको फाइनलमा पुग्यो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले ओमानलाई ८ विकेटको फराकिलो अन्तरमा हराउँदै सिंगापुरमा जारी एसियन खेलकुद (एसियाड) पुरूष छनोटको फाइनलमा पुगेको छ ।



नेपालको जितमा आइतबार उत्कृष्ट बलिङ प्रमुख रह्यो । जितको लागि ९५ रनको अत्यन्त सहज चुनौती नेपालले ९.२ ओभरमा २ विकेटको नोक्सानीमा पूरा गरेको छ । ओपनर कुशल भुर्तेल २० रन बनाएर समिर ओथमानको बलमा कट एण्ड बोल्ड भएको थियो ।

यसअघि कुशलले दुई खेलमा लगातार शतक प्रहार गरेका थिए। अर्का ओपनर आशिफ शेख १ रनमा आउट भएपछि कप्तान रोहित पौडेल र लोकेश बमले नेपाललाई जिततर्फ अघि बढेको थियो ।

यी दुईले अविजित ६८ रनको साझेदारी गरे। लोकेशले विष्फोटक ब्याटिङ गरे। २६ बल खेल्दै ७ चौका र १ छक्का सहित अविजित ४४ रनमा जोडे । रोहित अविजित २१ रनमा रहे। बलिङमा समिर ओथमानले २ विकेट लिए ।

त्यसअघि टस जितेर ओमानले पहिले ब्याटिङ गर्ने निर्णय गर्यो। यो निर्णयलाई नेपाली बलरहरूले गलत साबित गरे। ओमान १९.४ ओभरमा सबै विकेट गुमाउँदै ९४ रनमा समेटियो ।

मात्र ९ रन जोड्दा ओमानले पहिलो क्रमका ३ ब्याटरलाई गुमाउँदै खराब सुरूवात गर्यो। करण केसीको बलमा सुहेब अल बालुसी र नावेद अल बालुसी डक आउट हुँदा मोहम्मद अल बालुसी ९ रनमा पबिलियन फर्किए ।

यसपछि जुबेर अल बालुसी र कप्तान सुफ्यान मेहमुदले चौथो विकेटको लागि ३५ रनको साझेदारी गरे। जुबेर २२ रनमा र सुफयान ३८ रनमा आउट भए। उनी नै टोलीको लागि सर्वाधिक रन जोड्ने खेलाडी बने ।

अबमदुल जालिलले १६ रन बनाए । यी तीन बाहेक अन्य कुनैपनि खेलाडीहरूले दोहोरो रन बनाउन सकेनन् ।

बलिङमा करण केसीले ४ ओभरमा १ मेडन सहित मात्र २० रन दिएर ३ विकेट लिए । करण प्लेयर अफ दि म्याच घोषित भए ।

सन्दीप लामिछाने र सोमपाल कामीले समान २, कप्तान दिपेन्द्र सिंह ऐरी, कुशल मल्ल र सहाब आलमले समान १ विकेट झारे ।

नेपालले अब हङकङ र मलेसियाबीचको विजेतासंग फाइनल खेल खेल्ने भएको छ ।

# इजरायली सेनाको गोलीबारीमा ७ महिनाका बालकको मृत्यु, आमाबुबा घाइते

रासस/एएफपी। इजरायलको सैन्यनियन्त्रणमा रहेको प्यालेस्टिनी भूभाग पश्चिमी किनाराको हेब्रोन क्षेत्र नजिक इजरायली सेनाले एक सवारीसाधनमाथि गोली चलाउँदा ७ महिनाका एक प्यालेस्टिनी शिशुको मृत्यु भएको छ भने उनका आमाबुबा घाइते भएका छन् ।



घटनाबारे प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जानकारी दिएको हो ।

मन्त्रालयका अनुसार शिशुको अनुहारमा गोली लागेका कारण घटनास्थलमै मृत्यु भएको थियो । घाइते भएका उनका पिता र आमाको उपचार भइरहेको छ । आमाको अवस्था गम्भीर रहेको बताइएको छ ।

इजरायली सेनाले भने आफ्ना सैनिकहरूले आफूहरूतर्फ तीव्र गतिमा आइरहेको जस्तो देखिएको एक सवारीसाधनलाई लक्षित गरी गोली चलाएको जनाएको छ। सेनाको प्रारम्भिक अनुसन्धानले घाइते भएका तीनै जना सर्वसाधारण रहेको र उनीहरूको कुनै संलग्नता नरहेको देखाएको बताइएको छ । शिशुका पिता, जो एक विश्वविद्यालयका प्राध्यापक समेत हुन्, का अनुसार परिवारका सदस्यहरू सवारीसाधनमा यात्रा गरिरहेका बेला अचानक गोलीबारी भएको थियो । उहाँका अनुसार एउटा गोली अगाडिको सिसा छेड्दै उहाँको हातमा लागेर पछाडिको सिटमा रहेका शिशुसम्म पुगेको थियो। सोही क्रममा शिशुको अनुहारमा गम्भीर चोट लागेको थियो।

घटनामा शिशुकी आमालाई पनि चोट लागेको छ । चिकित्सकहरूका अनुसार उहाँको मुटुनजिक छर्रा अड्किएको छ र अवस्था चिन्ताजनक रहेको छ।

परिवारका सदस्यहरूका अनुसार उनीहरू सैन्य जाँचचौकी नजिक पुग्दा टाढाबाट सैनिक र सैन्य सवारीसाधन देखेपछि गाडी रोकेका थिए । सुरुमा सुनिएको गोलीको आवाज चेतावनीका लागि चलाइएको हो भन्ने लागेको भए पनि केही क्षणमै गम्भीर दुर्घटना भएको उनीहरूको भनाइ छ।

शिशुको मृत्युले स्थानीय समुदायमा शोक छाएको छ । अन्त्येष्टिका क्रममा उनको शवलाई प्यालेस्टिनी झन्डाले बेरिएको थियो । परिवारले घटनाको निष्पक्ष छानबिन र न्यायको माग गरेको छ।

सन् २०२३ अक्टोबरमा गाजामा युद्ध सुरु भएयता पश्चिमी किनारामा इजरायली सैन्य कारबाही तथा प्यालेस्टिनीहरूविरुद्ध हुने हिंसात्मक घटनामा उल्लेख्य वृद्धि भएको विभिन्न मानवअधिकार संस्थाहरूले जनाउँदै आएका छन् ।

# युद्ध अन्त्यका लागि मध्यस्थता गर्न पाकिस्तानी अधिकारी तेहरानमा

रासस/एएफपी । पाकिस्तानका आन्तरिकमामिला मन्त्री मोहसिन नक्वी इरानका विदेशमन्त्री अब्बास अराघचीसँग भेट्न सोही दिन तेहरान आइपुग्नुभएको छ ।

इरानले वासिङ्टनसँगको शान्ति वार्ताका क्रममा लेबनान र खाडी युद्धबीच सम्बन्ध रहेको बताउँदै युद्ध अन्त्यका लागि गरिने सम्झौताले यसलाई सम्बोधन गर्नुपर्ने माग गर्दै आएको छ।

अप्रिलमा घोषणा गरिएको युद्धविरामले लेबनानमा लडाई रोक्न असफल भएको छ । यस हप्ता घोषणा गरिएको नयाँ सशर्त युद्धविराम सम्झौतालाई हेजबुल्लाहले ठाडै अस्वीकार गरेको थियो।

इरानको विदेश मन्त्रालयले वासिङ्टनको 'शत्रुतापूर्ण र उत्तेजक व्यवहार'को निन्दा गर्दै इरानमा भएको पछिल्लो अमेरिकी आक्रमणको निन्दा गरेको छ।

युद्धविरामलाई स्थायी समाधानमा बदल्ने प्रयासहरू बारम्बार रोकिएका छन् । मध्यपूर्व द्वन्द्वले विश्व बजारलाई तहसनहस बनाएको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि अमेरिकी मध्यावधि चुनावअघि यसलाई समाधान गर्न दबाब बढाएको छ।

इरानका सर्वोच्च नेताका सैन्य सल्लाहकार मोहसिन रेजाईले सिएनएनसँग भन्नुभएको छ, "वार्तामा गतिरोध आएको छ र ट्रम्पले यो गतिरोध तोड्नुपर्छ।"

वाशिङ्गटनले यसको सट्टा खाडी सहयोगीहरूमाथि इरानी आक्रमणबाट भएको क्षतिको लागि इरानको रोक्का भएको रकम प्रयोग गर्न दवाव दिन सक्ने विश्लेषकहरूले बताएका छन् ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टको सोचसँग परिचित एक स्रोतले भन्यो, "इरानले भविष्यमा इरानबाट हुने कुनै पनि क्षतिको पुनर्निर्माण र मर्मतमा सहयोग पुर्याउन हाम्रा खाडी सहयोगीहरूलाई इरानको सम्पत्ति उपलब्ध गराउन उपलब्ध सबै उपकरणहरू प्रयोग गर्नेछ।"

इरान समर्थित लडाकू समूह हेजबुल्लाहले मार्च २ मा इजरायलमाथि आक्रमण गरेपछि मध्यपूर्व युद्धमा तानिएको लेबनानले शुक्रबार इरानलाई आफ्नो मामिलामा हस्तक्षेप नगर्न आग्रह गरेको छ।

पाकिस्तान संयुक्त राज्य अमेरिका र इरानबीचको द्वन्द्व अन्त्यका लागि प्रमुख मध्यस्थकर्ताको रूपमा देखा परेको समय लेबनानका सेना प्रमुख रोडोल्फ हायकल सम्भवतः लेबनान र हेजबूल्लाहको मुद्दाबारे छलफल गर्न शनिबार पाकिस्तानको भ्रमण गर्नुभएको छ।

लाङ्टाङ ट्रेल रन सम्पन्नः

# अस्ट्रियाकी अन्ना तेस्रो

रसुवा । लाङ्टाङ क्षेत्रको पर्यटन प्रवर्द्धन गर्दै अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने उद्देश्यले आयोजित दोस्रो संस्करणको लाङ्टाङ ट्रेल रन प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिता लाङ्टाङको क्याञ्जिन गुम्बाबाट सुरु भई स्याफ्रुबेँसीमा आएर सम्पन्न भएको हो ।




रसुवा-नुवाकोट पर्यटन समाजको आयोजनामा भएको प्रतियोगितामा नेपालसहित विभिन्न देशका १०६ जना धावकहरूको सहभागिता थियो । महिला समूहतर्फ अस्ट्रियाकी धाविका अन्ना लेना फ्रुट्नर तेस्रो हुनुभएको छ ।

उहाँले पाँच मिनेट नौ सेकेन्डमा स्याफ्रुबेँसी पुगी उपाधि हात पार्नुभएको हो ।

दोस्रो विजेता नेपालकी सुरक्षा तामाङ र प्रथम विजेतामा अन्जली गुरुङ हुनुभयो । पुरुषतर्फ प्रथम मिलन कुलुङ, द्वितीय धिरबहादुर बुढा र तृतीय विशाल राई हुनुभएको छ । ट्रेल रनमा सान्त्वनाअन्तर्गत दुवै समूहका पाँच/पाँच जनालाई पुरस्कार वितरण गरिएको आयोजक संस्थाले जनाएको छ ।

प्रतियोगिताको समापन समारोहमा आयोजक संस्थाका अध्यक्ष बलराम न्यौपानेले खेलकुदमार्फत हिमाली पर्यटनको प्रचारप्रसार गर्दै लाङ्टाङ क्षेत्रलाई विश्वबजारमाचिनाउनेलक्ष्यरहेकोबताउनुभयो।उहाँले आगामी वर्षहरूमा प्रतियोगितालाई अझ व्यवस्थित र अन्तरराष्ट्रियस्तरको बनाउँदै लैजाने प्रतिबद्धता जनाउनुभयो ।

बागमती प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड तथा प्रदेश खेलकुद विकास परिषद्को सहयोगमा सम्पन्न प्रतियोगिताले लाङ्टाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, संस्कृति र साहसिक पर्यटनको सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा उजागर गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले उल्लेख गरेको छ ।

समापन कार्यक्रममा विजेता खेलाडीहरूलाई नगद, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो । सहभागी धावकहरूले लाङ्टाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, हिमाली वातावरण तथा स्थानीय आतिथ्यताप्रति सकारात्मक प्रतिक्रिया दिएका आयोजकले जनाएको छ । रासस

# इरानी फुटबल टोलीका केही अधिकारीलाई भिसा नदिएपछि अमेरिकाप्रति इरानको आपत्ति

रासस/एएफपी । केही व्यवस्थापकीय तथा कार्यकारी अधिकारीहरूलाई अमेरिकी प्रवेशाज्ञा (भिसा) नदिइएको भन्दै अमेरिकी सरकारको कडा आलोचना गरेको छ ।



महासंघले आफ्नो आधिकारिक वक्तव्यमार्फत अमेरिकी कदमलाई खेलभावनाविपरीत, पूर्ण रूपमा राजनीतिक प्रेरित तथा अन्तर्राष्ट्रिय खेलकुद कानुनको मर्मविपरीत भएको जनाएको छ । महासंघका अनुसार राष्ट्रिय टोलीसँग सम्बन्धित व्यवस्थापकीय, प्राविधिक, प्रशासनिक तथा सहयोगी कर्मचारीहरू प्रतियोगिताको तयारीका लागि अत्यावश्यक रहेकाले उनीहरूलाई भिसा उपलब्ध गराइनु आवश्यक छ।

इरानले यस विषयलाई अन्तर र्राष्ट्रिय फुटबल महासंघ (फिफा) समक्ष पनि उठाएको जनाएको छ । महासंघले प्रतियोगितामा सहभागी टोलीका आवश्यक अधिकारीहरूको भिसा सुनिश्चित गराउने जिम्मेवारी फिफाको समेत रहेको उल्लेख गरेको छ।

इरानी फुटबल महासंघले आयोजक राष्ट्रको यो कदमलाई विभेदपूर्ण र लक्षित व्यवहारको संज्ञा दिएको छ । महासंघका अनुसार यस्तो निर्णयले प्रतियोगितामा सहभागी राष्ट्रहरूका लागि समान र निष्पक्ष वातावरणको सिद्धान्तमाथि प्रश्न उठाएको छ र खेलकुद क्षेत्रमा राजनीतिक हस्तक्षेपको उदाहरण प्रस्तुत गरेको छ।

यद्यपि, अमेरिकाले इरानी राष्ट्रिय टोलीका खेलाडीहरूका लागि आवश्यक भिसा प्रक्रिया सम्पन्न भएको जनाएको छ । टर्कीएस्थित अमेरिकी राजदूतले सामाजिक सञ्जालमार्फत इरानी राष्ट्रिय फुटबल टोलीका सदस्यहरूको भिसा प्रक्रिया सम्पन्न गर्न अमेरिकी दूतावासले गरेको कार्यको प्रशंसा गर्दै खेलकुदले सीमाना नाघेर विश्वलाई जोड्ने माध्यम भएको उल्लेख गर्नुभएको छ । उहाँले विश्वभरबाट आउने खेलाडी तथा समर्थकहरूलाई स्वागत गर्न अमेरिका उत्साहित रहेको पनि बताउनुभयो ।

इरानी सञ्चारमाध्यमहरूका अनुसार भिसा नपाउने व्यक्तिहरूमा इरान फुटबल महासंघका अध्यक्ष, राष्ट्रिय टोलीका कार्यकारी निर्देशक, महासंघका महासचिव तथा टोलीका सञ्चार निर्देशक रहेका छन् । उहाँहरू टोलीको प्रशासनिक तथा व्यवस्थापकीय जिम्मेवारीमा संलग्न प्रमुख अधिकारीहरू मानिन्छन् ।

सन् २०२६ को विश्वकप अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्दैछन्। प्रतियोगिता जुन ११ देखि जुलाई १९ सम्म सञ्चालन हुनेछ । इरान समूह 'जी' मा परेको छ र उसले जुन १५ मा लस एन्जलसमा न्युजिल्यान्डविरुद्ध पहिलो खेल खेल्ने तालिका छ । त्यसपछि जुन २१ मा बेल्जियमसँग सोही मैदानमा प्रतिस्पर्धा गर्नेछ भने समूह चरणको अन्तिम खेल जुन २६ मा सियाटलमा इजिप्टविरुद्ध खेल्ने कार्यक्रम रहेको छ ।

# आणविक कार्यक्रमबाट 'पछि नहट्ने' उत्तर कोरियाको भनाइ

रासस/एएफपी । उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई बलियो बनाउने भन्दै निशस्त्रीकरणको अमेरिकी आग्रहलाई आइतबार अस्वीकार गरेको छ ।

उत्तर कोरियाले फेरि एकपटक अमेरिकालाई खुला चुनौती दिँदै आफ्नो परमाणु हतियार कार्यक्रम नरोक्ने स्पष्ट पारेको हो । उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङले आणविक निःशस्त्रीकरणको अमेरिकी मागलाई पुरानो र अव्यावहारिक सपना बताउनुभयो । उहाँले अमेरिका र उसका सहयोगीहरूको चेतावनीका बीच उत्तर कोरियाले आफ्नो परमाणु शस्त्रागारलाई बलियो बनाइरहने बताउनुभयो । यो अभिव्यक्तिले फेरि एकपटक कोरियाली प्रायद्वीपमा तनाव बढाएको छ ।



उत्तर कोरियाका वरिष्ठ नेता यो जोङले आफूले उत्तर कोरियालाई आणविक शक्तिका रूपमा मान्यता दिएको र यसलाई परिवर्तन गर्ने अमेरिकी प्रयासको कुनै कानुनी महत्व नभएको बताउनुभएको छ । अमेरिकी राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङ उत्तर कोरियाको आणविक निःशस्त्रीकरणका लागि सहमत भएको भन्ने अमेरिकी दाबीलाई पनि उहाँले खण्डन गर्नुभयो ।

उहाँले अमेरिका अझै पनि पुरानो सोचमा फसेको बताउनुभयो । उत्तर कोरिया पछि हट्ने छैन र आफ्नो सुरक्षाका लागि आफ्नो परमाणु शक्ति बढाउने क्रम जारी राख्नेछ ।

उत्तर कोरियाले आफ्नो आणविक हतियार र क्षेप्यास्त्र कार्यक्रमलाई बलियो बनाइरहेको छ । सन् २०१९ मा राष्ट्रपति ट्रम्प र नेता किम जोङ उनबीचको वार्ता असफल भएपछि उत्तर कोरियाले आफ्नो हतियार कार्यक्रमलाई तीव्रता दिएको थियो । हालसालै किम जोङ उनले आणविक सामग्री उत्पादन प्लान्टको भ्रमण गर्नुभएको थियो । सो अवसरमा उहाँले मुलुकको आणविक शक्ति कैयौँ गुणा तीव्र रुपमा बढाइने बताउनुभएको थियो । उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले आइतबार किम जोङ उनले पनि एउटा हतियार कारखानाको भ्रमण गरी क्षेप्यास्त्र उत्पादन क्षमतामा साढे दुई गुणा वृद्धि गर्न आदेश दिएको जनाएको थियो ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले उत्तर कोरियाको भ्रमण गर्ने कार्यक्रम भइरहेका बेला यो भनाइ आएको हो । यो भ्रमणमार्फत चीन उत्तर कोरियामा आफ्नो प्रभाव बलियो बनाउन चाहेको अनुमान गरिएको छ । चीनले आणविक निशस्त्रीकरणको मुद्दा प्रत्यक्ष रुपमा नउठाउने तर आर्थिक सहयोग बढाउन जोड दिने विज्ञहरुको विश्वास छ । अर्कोतर्फ उत्तर कोरिया भने रुससँग नजिक हुँदै गएको देखिन्छ । अमेरिका र दक्षिण कोरियाले युक्रेन युद्धमा रुसलाई सहयोग गर्न हतियार र सेना पठाएको आरोप लगाएका छन् । प्योङयाङले रूसलाई गरेको सैन्य सहयोगको बदलामा रुसबाट आर्थिक र सैन्य सहयोग प्राप्त गरिरहेको छ ।

यो जोङले अमेरिका र दक्षिण कोरियाले लगातार हतियार बढाएको आरोप लगाउँदै दुवै देशले सैन्य दबाब प्रयोग गरेर उत्तर कोरियालाई धम्क्याउन खोजेको दावी पनि गर्नुभएको छ । यही कारण उत्तर कोरियाले आफ्नो परमाणु क्षमतालाई थप बलियो बनाइरहेको छ उहाँको दावी रहेको छ ।

प्योङयाङबारे जानकार स्रोतका अनुसार उत्तर कोरिया अब आफूलाई स्थायी परमाणु शक्तिका रुपमा स्थापित गर्न चाहन्छ । यसको उद्देश्य अन्तर र्राष्ट्रिय प्रतिबन्ध फुकुवा गर्नु र विश्वव्यापी स्तरमा राजनीतिक मान्यता प्राप्त गर्नु हो तर, अमेरिका र उसका सहयोगी राष्ट्रहरु अझै पनि उत्तर कोरियामाथि दबाब दिइरहेका छन् ।

# 'भोजमा तीस प्रतिशतभन्दा बढी खाना फालिन्छ'

चितवन । अनुपम फुड् ल्याण्ड र दियालो फुड् ल्याण्डका पाँच शाखाको नेतृत्व गर्दै आउनुभएका जनप्रकाश चापागाईंले भोजमा करिब ३० प्रतिशत खाना फालिने गरेको बताउनुभएको छ । विश्व खाद्यसुरक्षा दिवसका सन्दर्भमा कुराकानी गर्ने क्रममा उहाँले विभिन्नथरी खाना राख्दै जाँदा प्लेट भरिने हुनाले त्यसको झण्डै आधा फालिने गरेको उल्लेख गर्नुभयो ।

"होटल, रेष्टुरेन्ट र पार्टी प्यालेसले गर्ने भोज/भतेरका कार्यक्रममा अधिक खाना फालिन्छ । घरमा पनि बढी खाना पकाउँदा फालिने गरेको पाइन्छ । ग्रामीण क्षेत्रमा फालिएका खाना पशु चौपालयले खाने भए पनि सहरी क्षेत्रमा त्यसरी फालिएका खाना फोहरका रूपमा परिणत हुन्छ", चापागाईंले भन्नुभयो, "खाना फाल्न रोक्न धेरै प्रयास गरियो । सफल भइएन ।"

यसरी खाना फालिँदा खुवाउनेका लागि भोज भतेर महँगो हुने गरेको भन्दै उहाँले मुलुक बाहिरबाट खाद्यान्न आउने हुँदा समग्र अर्थतन्त्रमा यसले प्रभाव पार्ने बताउनुभयो । बिहानको खानामा कम फालिने भए पनि दिउँसो र साँझ गरिने

केहीले आफूले खानसक्ने मात्र छानेर खाने गरे पनि धेरैले भोजमा राखिएका सबै चिज खान खोज्दा धेरै फालिने गरेको न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, "खाना फाल्नबाट रोक्न सकियो भने भोजभतेरको खर्च कम हुन्छ ।" फालिने खानाको समेत हिसाब गर्नुपरेकाले आयोजकको खर्च बढ्ने गरेको उहाँको भनाइ छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका संस्थापक रजिष्टार प्राडा सूर्यकान्त घिमिरेले विश्वमा फालिएको खाना बचाउने हो भने ३० प्रतिशतलाई खान पुग्ने जानकारी दिनुभयो । आफू विद्यावारिधि गर्दा छ वर्ष जापान बसेको भन्दै उहाँले जापानिज खाना बाँकी रहेमा पोको पारेर घर लैजाने गरेकाले नै अन्य देशमा खानाको सुरक्षा कम हुने गरेको बताउनुभयो । "नेपालमा खाना फाल्ने चलन धेरै छ । यसलाई रोक्न सबैको पहल र ऐक्यबद्धता जरुरी छ । खानालाई कसरी स्वस्थकर बनाउन सकिन्छ भन्नेबारेमा सोच्नुपर्ने देखिन्छ", उहाँले भन्नुभयो ।

भारतमा महात्मागान्धीले कसैलाई असहज महसुस हुनासाथ एकछाक खाना



भोजमा अधिक फालिने गरेको चापागाईंको भनाइ छ । होटलमा मदिरासहितको भोजमा अरु बढी फालिने गरेको उहाँले अनुभव सुनाउनुभयो ।

देशभर ३० वटा होटल, रेस्टुरेन्ट र क्याफे सञ्चालन गरिरहनुभएका सिद्धार्थ हस्पिटालिटीका प्रमुख कार्यकारी निर्देशक कृष्ण न्यौपानेले ४० प्रतिशत खाना फालिने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरुसुरुमा हामीले खाना प्याकिङ गरेर घर पनि पठायौँ तर सकेनौँ ।" आफूहरूले व्यानरसमेत राखेर खाना फाल्नबाट बचाउने प्रयास गरे पनि सफल नभएको बताउँदै उहाँले खाना फाल्नेलाई नफाल्न आग्रह गर्दा उल्टै गाली गर्ने गरेका अनुभव सुनाउनुभयो ।

आफ्नो कैलालीको होटलमा एक जना जापानिजले गरेको कार्यक्रममा फालिएको खाना देखेर ती जापानिजले 'दैनिक चार पटक खाने खानाको अड्कल गर्न नसक्नेले के काम गर्न सक्छन्' भन्ने प्रश्न गरेका न्यौपानेलेअनुभव सुनाउनुभयो ।

छोड्न गरेको अपिल स्मरण गर्दै गान्धीले सधैँ भातको सट्टा खानामा विविधीकरण गर्नुपर्ने बताउनुहुने प्राडा घिमिरेले उल्लेख गर्नुभयो । टर्कीका बासिन्दाले पहिलेपहिले बिहान बेलुका दालभात, तरकारी खाने गरेकामा अहिले एकछाक अन्य परिकार खाने गरेका भन्दै नेपालीले पनि यस विषयमा ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो । खाद्य बचत र स्वास्थ्यका लागि यो उत्तम विकल्प हुनसक्ने उहाँको भनाइ छ ।

नियमित बिहान बेलुका दालभात तरकारी खाने प्रचलनका कारण कम उत्पादन भए पनि धान रोप्ने नेपाली परम्परालाई परिवर्तन गरेर जे धेरै उत्पादन हुन्छ त्यसमा ध्यान दिन प्राडा घिमिरेले आग्रह गर्नुभयो । नेपालले वार्षिक रु ४५ देखि ५० अर्बको खाद्यान्न मात्र आयात गर्ने जनाउँदै उहाँले खाना नफाल्ने, खानामा विविधीकरण ल्याउने र बाँझो जमिनमा खेती गर्नसके आयात घट्ने बताउनुभयो । रासस

# पोखरी निर्माणपछि सिक्रेटारको १५ सय रोपनी सुक्खा क्षेत्रमा सिँचाइ

भोजपुर । पोखरी निर्माणपछि अरुण गाउँपालिका-७ सिक्रेटारको यहाँको सुक्खाग्रस्त क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ । पानीको अभावका कारण वर्षौंदेखि खेतीयोग्य जमिन बाँझै रहने समस्या समाधान गर्ने उद्देश्यसहित स्थानीय तहले पोखरी निर्माणको काम अघि बढाएको थियो ।

वडाध्यक्ष कुमार थापाले बर्सेनि खडेरीका कारण कृषि उत्पादनमा गिरावट आउन थालेपछि योजनाबद्ध सिँचाइ पोखरी निर्माण गरिएको बताउनुभयो । हालसम्म यहाँ छ वटा पोखरी निर्माण गरिएका र त्यसबाट सिक्रेटार क्षेत्रका करिब एक हजार ५०० रोपनी जमिनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सिँचाइ सुविधा विस्तार भएको उहाँले जानकारी दिनुभयो ।

वडाध्यक्ष थापाले भन्नुभयो, "सुक्खा क्षेत्रमा पानीको दिगो व्यवस्थापन नगरी कृषि विकास सम्भव हुँदैन । त्यसैले मुहानसहितका ठूला पोखरी निर्माण गरेका छौँ । यस कार्यले किसानलाई केही राहत भएको छ ।"

उहाँका अनुसार निर्माण गरिएका पोखरीलाई सिँचाइमा मात्र सीमित नराखी बहुउपयोगी बनाइएको छ । आगलागीजस्ता विपद्का समयमा पानीको स्रोतका रूपमा प्रयोग गर्न सकिने गरी संरचना तयार गरिएको छ । साथै, पोखरीबाट खेतबारीसम्म पानी पुऱ्याउन वडाले पाइप वितरण गर्दै आएको छ । यसले किसानलाई सिँचाइ पहुँचमा सहज बनाएको छ ।

"पोखरी निर्माण अभियानलाई बहुआयामिक विकाससँग जोडेर अगाडि बढाइएको छ । पोखरी वरपरका क्षेत्र संरक्षण गर्दै वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको छ । भविष्यमा यी क्षेत्रलाई पर्यटकीय तथा मनोरञ्जन स्थलका रूपमा विकास गर्ने योजना छ", वडाध्यक्ष थापाले भन्नुभयो ।

वडासचिव अशोक अधिकारीले यहाँको मैदानेमा दुई, दुङ्गेमा एक, सिक्रेटारमा एक र बेलटारमा दुई वटा पोखरी निर्माण सम्पन्न भएको बताउनुभयो । रासस

# इभीका लागि देशभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्न सुझाव

काठमाण्डु । पूर्वाधार विकास मन्त्रालयले गरेको एक अध्ययनअनुसार देशभर विद्युतीय सवारीसाधन (इभी) को थप प्रवर्द्धनका लागि मुलुकभर कम्तीमा १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने देखिएको छ । मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावना' सम्बन्धी अध्ययन प्रतिवेदनले मुलुकभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने जनाएको हो ।

सन् २०३० सम्म उक्त संख्यामा चार्जिङ स्टेसन निर्माण गर्न सकिएमामा विद्युतीय सवारीसाधनको प्रवर्द्धन उल्लेख्य रूपमा हुने प्रतिवेदनमा उल्लेख गरिएको छ । हाल देशभर कुल एक हजार चार्जिङ स्टेसन सञ्चालनमा छन् । अधिकांश स्टेसन विद्युतीय सवारीसाधनका आधिकारीक बिक्रेताले सञ्चालन गर्दै आएका छन् ।

विशाल ग्रुप, पारामाउन्ट मोटर्स, भिजी अटोमोबाइलगायतले २५०, १६० एमएडब्ल्यू बृद्धिले, ७० साइमेक्स इंकले, दिगो प्रालिले १२० वटा शशीला मोटर्सले, १७ वटा त्रिवेणी ग्रुपलगायतले चार्जिङ स्टेसन निर्माण गरी सञ्चालन गरिरहेका छन् । अधिकांश स्टेसन काठमाडौँ, पोखरा, भरतपुरलगायत मुख्य सहर क्षेत्रमा केन्द्रित छन् ।

साबिक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक कार्यदल बनाएर विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि गर्नुपर्ने तयारीका बारेमा प्रतिवेदन बुझाएको थियो । सो मन्त्रालयका सहसचिव कृष्णराज पन्थ संयोजक रहनुभएको कार्यदलले तयार



पारेको प्रतिवेदनअनुसार चार्जिङ पूर्वाधार, ब्याट्रीको लागत, सडक पूर्वाधार, ब्याट्रीको पुनः उपयोग तथा डिस्पोजललाई चुनौतीका रूपमा दर्शाएको छ ।

त्यस्तै, दक्ष जनशक्ति र अन्तरराष्ट्रिय अनुभव, निजी क्षेत्रको सीमित सहभागिता, सीप विकासको अभाव, सवारीसाधनका पार्टसको आयातमा रहेको निर्भरतालाई चुनौतीका रूपमा देखाएका छन् । उच्च सुरुआती लागत र न्यून पुनः बिक्री मूल्य, सवारीसाधनको गुणस्तर, योग्य चालकको अभाव, ठूला सवारी तथा मालवाहक सवारीका रूपमा विद्युतीय सवारीको प्रयोग हुन नसक्नुलाई चुनौतीका रूपमा लिइएको छ ।

विद्युतीय यातायातमैत्री भौतिक पूर्वाधारमा लगानी, निजी लगानी प्रोत्साहन, चार्जिङ स्टेसनहरू र ब्याट्री स्वापिङ (विद्युतीय सवारीसाधन चार्ज गर्ने आधुनिक र तीव्र प्रविधि) नीति, ब्याट्रीको जीवन र व्यवस्थापनको चुनौती, प्रविधिको अनुसन्धान र विकास, मापदण्ड तर्जुमा नहुनुलाई पनि चुनौतीका रूपमा लिइएको छ ।

पूर्वाधार विकास मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावनाको अध्ययन प्रतिवेदन' अनुसार राजमार्ग, ग्रामीण क्षेत्र र गाउँमा चार्जिङ अपर्याप्त रहेकाले विद्युतीय सवारीलाई सार्वजनिक साधनका रूपमा प्रयोगमा ल्याउन तथा लामो दूरी यात्रामा व्यवस्थापन गर्न समस्या हुने गरेको छ ।

जलविद्युत्को आन्तरिक खपत वृद्धि गर्ने उद्देश्यका साथ सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिएको छ । आगामी आर्थिक वर्षको बजेटमा पनि सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । मुद्रा सटहीमा बचत हुने भएकाले यसलाई विद्युत् प्राधिकरणले १४२ किलोवाट क्षमताका ६२ वटा द्रुत गतिका चार्जर सञ्चालन गरिरहेको छ ।

प्राधिकरणले चालु आवमा सात प्रमुख ठाउँमा पूर्वाधार विस्तारका लागि रु एक करोडभन्दा बढी बजेट विनियोजन गरेको थियो । देशभर करिब एक लाख किलोमिटर सडक सञ्जाल पुगेको छ । विद्युतीय सवारीको चार्जिङ स्टेसनमार्फत अधिकतम उपयोग गरी आन्तरिक खपत वृद्धि गर्ने, स्वदेशी ऊर्जाको माध्यमबाट विश्वव्यापी रूपमा इन्धनको मूल्यमा हुने अस्थिरता र आपूर्ति अवरोधबाट मुलुकलाई जोगाउन पनि विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिइएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि मन्त्रालयले योजनाबद्ध प्रयास गरिरहेको जानकारी दिनुभयो । मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा देशभर चार्जिङ स्टेसनको सञ्जाल विस्तार गर्ने उल्लेख छ । सो कार्य आर्थिक वर्ष २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

पेट्रोलपम्पमा चार्जिङ स्टेसन र सार्वजनिक रूपमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने लक्ष्य निर्धारण गरेको छ । सो कार्यका लागि ऊर्जा मन्त्रालयले जिम्मेवार निकायका रूपमा प्राधिकरणलाई तोकेको छ । प्रमुख सहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गर्ने ऊर्जाको लक्ष्य छ ।

दिगो लक्ष्यअनुसार सन् २०३० सम्म ९० प्रतिशत निजी विद्यूतीय सवारीसाधन र सन् २०४५ सम्म 'नेट शून्य कार्बन' उत्सर्जनको नेपालको लक्ष्य प्राप्ति गर्न विद्युतीय सवारीको महत्वपूर्ण भूमिका रहने देखिन्छ ।

अवसरका रूपमा चित्रण गर्दै अध्ययन प्रतिवेदनले कम सञ्चालन लागत र रोजगारी सिर्जना, वायु प्रदूषणमा कमी आउने, सार्वजनिक यातायातको आधुनिकीकरण र सडक दुर्घटनामा कमी आउने, सहरी यातायात दक्षता र पर्यटकीय आकर्षण बढ्ने उल्लेख छ । रासस

# तरकारीखेतीबाट बराहक्षेत्रका किसान आत्मनिर्भर

धरान । सुनसरीको बराहक्षेत्र नगरपालिका क्षेत्रमा व्यावसायिक तरकारीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । एक समय बाँझै रहने बारी अहिले हराभरा तरकारीबारीमा परिणत भएका छन् भने किसान आफ्नै गाउँमा बसेर मनग्य आम्दानी गर्दै आत्मनिर्भरतातर्फ उन्मुख भएका छन् ।

बिहान घाम नउदाउँदै किसान काँक्रो, गोलभैँडा, बोडी, घिरौँला, कोभीलगायत तरकारी टिप्न बारीमा पुगिसकेका हुन्छन् । उत्पादन भएका तरकारी धरान, इटहरी, इनरुवा, बराहक्षेत्र तथा आसपासका बजारमा बिक्री हुने गरेको छ ।

बराहक्षेत्र नगरपालिका-७ का दिनेश राजवंशी विगत ६ वर्षदेखि करिब दुई बिघा जमिनमा व्यावसायिक तरकारीखेती गर्दै आउनुभएको छ । तीन वर्ष विदेश बसेर फर्किनुभएका उहाँले अहिले आफ्नै गाउँमा बसेर तरकारीखेतीबाट पर्याप्त आम्दानी गरिरहनुभएको छ ।

"विदेशमा निकै दुःख गरेर कमाएको पैसाले घरखर्च धान्नै कठिन हुन्थ्यो, अहिले परिवार सबै मिलेर साथमा तरकारीखेती गरिरहेका छौँ । मिहिनेत गर्न सके आफ्नै देशको माटोमा पनि राम्रो आम्दानी गर्न सकिँदोरहेछ", उहाँले भन्नुभयो । तरकारी बिक्रीबाट घरखर्च सहज रूपमा चलिरहेको छ भने मासिक रु ७० हजारभन्दा बढी बचत गर्न सफल भएको राजवंशी बताउनुहुन्छ ।

सोही ठाउँका नितु राजवंशी र रमेश राजवंशी दम्पतीले तीन बिघा जमिनमा व्यावसायिक तरकारीखेती गरिरहनुभएको छ । उहाँहरूले काँक्रो, बोडी, घिरौँला, कोभी, गोलभैँडालगायत मौसमी तरकारी उत्पादन गर्दै आउनुभएको छ । नितु राजवंशीका अनुसार विगतमा



मकै र कोदोखेतीबाट परिवारको खाद्यान्न आवश्यकता मात्र पूरा हुन्थ्यो । तरकारीखेती सुरु गरेपछि भने यहाँबाट राम्रै आम्दानी हुने गरेको उहाँले बताउनुभयो ।

"पहिले बारी बाँझो थियो, अहिले तरकारीखेतीले धेरै राम्रो भएको छ । मौसमले साथ दिएमा र सिँचाइ तथा मल व्यवस्थापन राम्रो भए वार्षिक रु सात लाखदेखि रु आठ लाखसम्मको तरकारी मज्जाले बिक्री गर्न सकिन्छ", राजवंशी दम्पती भन्छन् ।

त्यसैगरी, बराहक्षेत्र नगरपालिका-८ तीनकुनेका युक्ति चौधरीले चार बिघा जमिनमा मौसमी तरकारीखेती गर्दै आउनुभएको छ । छ वर्षअघि एक कट्ठा जमिनबाट सुरु गरिएको खेती अहिले विस्तार भएर वार्षिक रु १० लाखभन्दा बढी आम्दानीको स्रोत बनेको छ ।

'रीतिका कृषि फार्म' सञ्चालन गर्दै आउनुभएका चौधरीले परिवारको साथ र निरन्तर मिहिनेतले व्यवसाय विस्तार गर्न सफल भएको बताउनुभयो । "काम गर्न सकुन्जेल खेतीलाई निरन्तरता दिन्छु । परिवारको साथ छ, मिहिनेत गर्नसके कृषि क्षेत्रमै राम्रो सम्भावना रहेछ", उहाँले भन्नुभयो । चौधरीले पालेका गाईगोरु र बाख्राबाट प्राप्त गोबरलाई जैविक मलका रूपमा प्रयोग गर्दै आउनुभएको छ । यसले उत्पादनलाई स्वस्थ र गुणस्तरीय बनाउन मद्दत पुगेको उहाँको भनाइ छ । तरकारी बिक्रीका लागि बजारको समस्या छैन । व्यापारीहरू आफैँ फार्ममा पुगेर तरकारी खरिद गरेर लाने गरेको उहाँले बताउनुभयो ।

"हामी बजार मूल्यभन्दा प्रतिकिलो करिब रु १० कममा तरकारी दिन्छौँ, व्यापारीहरू फार्ममै आउने भएकाले बजारको झन्झट हुँदैन", उहाँले भन्नुभयो ।

सुनसरी कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रवीनलाल श्रेष्ठले बराहक्षेत्रसहित जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा तरकारीखेती प्रवर्द्धनका लागि विविध कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो । उहाँका अनुसार केन्द्रले किसानलाई अनुदान, उन्नत बीउ, सिँचाइ उपकरण, माटो परीक्षण, मल तथा विषादी व्यवस्थापनसम्बन्धी तालिमलगायत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । आधुनिक तरकारीखेतीले धेरै किसानलाई आत्मनिर्भर बनाउन सहयोग पुगेको छ । रासस

# किमाथांकामा शुक्रबारदेखि इन्टरनेट सेवा बन्द

खाँदबारी । चीनसँग सीमा जोडिएको संखुवासभाको भोटखोला गाउँपालिका-१ किमाथाङ्कामा शुक्रबारदेखि नेपाल टेलिकमको इन्टरनेट (फोरजी) सेवा अवरुद्ध भएको छ ।

भोटखोला-१ का वडाध्यक्ष नुर्पु च्यावाले किमाथांका क्षेत्रमा नेपाल टेलिकमको फोरजी सेवा अचानक अवरुद्ध भएको जनाउँदै समस्या देखिए लगत्तै सम्बन्धित



निकायलाई जानकारी गराइएको बताउनुभयो । सेवा यथाशीघ्र सञ्चालनमा ल्याउन पहल भइरहेको उहाँको भनाइ छ ।

इन्टरनेट सेवा अवरुद्ध भएपछि स्थानीयवासी सूचना आदानप्रदान गर्न, आफन्तसँग सम्पर्क गर्न तथा विभिन्न अनलाइन सेवा लिनबाट बञ्चित भएका छन् । 'इन्टर नेट'मार्फत सञ्चालन हुने सरकारी, वित्तीय तथा अन्य सेवामा यसले असर परेको भन्दै तत्काल नियमित रूपमा सेवा सञ्चालनका लागि सरोकार भएका निकायले तत्परता देखाउनुपर्ने स्थानीयले बताएका छन् ।रासस


**मधेश प्रदेश सरकार**

**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**

**पर्यटन विकास कार्यालय**

**गौर, रौतहट**

## सेवा प्रदायक संस्थाबाट प्रस्ताव माग गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२५)

यस कार्यालयको आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत तपशिलका कार्यक्रम संचालन गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन , २०६३ तथा सार्वजनिक खरिद नियमावली अनुसार कानुन बमोजिम दर्ता तथा नविकरण भएका संस्थाहरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको छ । इच्छुक योग्य सेवा प्रदायक संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन कार्यालय समय भित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | क्रियाकलाप नम्बर | कार्यक्रम | विनियोजित बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | ११.४.२२.४२९३ | रौतहट जिल्लामा selfie point निर्माण गर्ने कार्य | ५ | |
| २ | ११.४.२२.४२९१ | सर्लाही जिल्लामा selfie point निर्माण गर्ने कार्य | ५ | |
| ३ | २.७.२५.५०६ | रौतहट जिल्लामा पर्यटकिय स्थलहरुमा जानकारी विवरण बोर्ड | ५ | |
| ४ | २.७.२५.५०५ | सर्लाही जिल्लामा पर्यटकिय स्थलहरुमा जानकारी विवरण बोर्ड | ५ | |
| ५ | २.७.२५.४६१ | रौतहट जिल्ला स्थित पर्यटकिय स्थलहरुमा मिथिला पेण्टिङ्ग गर्ने कार्य | ५ | |
| ६ | २.७.२५.४६५ | सर्लाही जिल्ला स्थित पर्यटकिय स्थलहरुमा मिथिला पेण्टिङ्ग गर्ने कार्य | ५ | |
| ७ | २.७.२५.५०३ | रौतहट जिल्लामा भिजिट मधेश २०८३ का लागि २०८२ चैत्रमा प्रमुख गन्तव्य स्थानहरुको सरसफाइ कार्यक्रम | ५ | |
| ८ | २.७.२५.५०४ | सर्लाही जिल्लामा भिजिट मधेश २०८३ का लागि २०८२ चैत्रमा प्रमुख गन्तव्य स्थानहरुको सरसफाइ कार्यक्रम | ५ | |
| ९ | २.७.२५.५०१ | रौतहट जिल्लामा भिजिट मधेश २०८३ का लागि होडिङ्ग बोर्ड वाल पेन्टिंग आदि | १० | |
| १० | २.७.२५.५०२ | सर्लाही जिल्लामा भिजिट मधेश २०८३ का लागि होडिङ्ग बोर्ड, वाल पेन्टिंग आदि | १० | |
| ११ | २.७.२५.४९९ | रौतहट जिल्लामा भिजिट मधेश २०८३ का लागि प्रचार प्रसार | १० | |
| १२ | २.७.२५.५०० | सर्लाही जिल्लामा भिजिट मधेश २०८३ का लागि प्रचार प्रसार | १० | |
| १३ | ११.४.२२.४२९४ | रौतहट जिल्ला स्थित पर्यटकिय स्थलहरुमा आराम बेञ्च जडान गर्ने कार्य | १० | |
| १४ | ११.४.२२.४२९२ | सर्लाही जिल्ला स्थित पर्यटकिय स्थलमा आराम बेञ्च जडान | १० | |
| १५ | २.७.२५.५३९ | रौतहट जिल्लामा पर्यटन हेल्प डेस्क स्थापना गर्ने कार्य | १० | |
| १६ | २.७.२५.५३८ | सर्लाही जिल्लामा पर्यटन हेल्प डेस्क स्थापना गर्ने कार्य | १० | |



**भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट**

## मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही ब्रहम्देव पाठक मरुवा भएकाले मोही लगत कट्टा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कट्टा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदाबी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

**तपसिल**

| ज.ध.को नाम | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|---|
| समुन कुमारी | रौतहट | गौर | ८ | ३०८ | ०-२-० | ब्रहम्देव पाठक |

यसमा उपरोक्तानुसारको जग्गाको मोही ब्रहम्देव पाठकको मृत्यु भइसकेकोले हकवाला श्रीमती, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री कोही नभएकोले उक्त मोही हकदार विहीन मरुवा मोही भएकोले मोही लगत कट्टा गरी पाउँ भनि ज.ध.ले मांग गरेकोले सो सम्बन्धमा यो सूचना प्रकाशित गरिएको छ । उक्त मरुवा मोही लगत कट्टा नहुने कुनै प्रमाण भएको भए निज मोहीका हकवालाले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र सप्रमाण उजुर गर्न यस कार्यालयमा आफै वा रितपुर्वकको वारेस साथ उपस्थित हुन आउनु होला । अन्यथा नियमानुसार मोही लगत कट्टा भइ जाने छ । पछि कुनै उजुर लाग्ने छैन ।

# नेपाल र भारत दुवै देशमा अब पठाउन सकिने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल र भारतबीच एक अर्काको देशमा पैसा पठाउन र प्राप्त (डाइरेक्ट ट्रान्सफर) गर्न सकिने सेवा अब सुरू भएको छ।

भारत भ्रमणमा रहेका पराष्ट्रमन्त्री शिशिर खनाल र



भारतका विदेशमन्त्री एस जयशंकरले संयुक्त रूपमा यस्तो सेवाको सुरूआत गरेका हुन् । भारतको युनिफाइड पेमेन्ट्स इन्टरफेस र नेपालको नेसनल पेमेन्ट इन्टरफेसको प्रणालीबीचको अन्तर आबद्धता मार्फत दुवै मुलुकबीच पैसा पठाउन सकिनेछ ।

२०८० मा नेपाल र भारतबीच भएको क्रस बोर्डर पेमेन्ट सम्झौता अन्तर्गत नै यो सेवाको सुरूआत भएको हो । अब भारतका बैंकबाट नेपाल र नेपालबाट भारतमा रकम पठाउन सकिने भएको हो । तर अहिलेलाई यस्तो सुविधा नेपालमा काम गरिरहेका वा अस्थायी बसोबास गरिरहेका भारतीयहरूले पाउने भएका हुन् ।

नेपालबाट भारतीयहरूले भने प्रतिपटक १५ हजार भारूसम्म पठाउन सक्ने नेपाल क्लियरिङ हाउस (एनसिएचएल) का प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले जानकारी दिएका छन् । नेपालबाट प्रति महिना २ लाख भारूसम्म पठाउन पाइनेछ ।

'भारतबाट भने रोजगारीमा रहेका नेपाली वा त्यहीँका बासिन्दाले प्रतिपटक दुई लाख भारूसम्म पठाउन सक्नेछन्,' प्रधानले भने । यसमा दैनिक वा मासिक सीमा तोकिएको छैन ।

बैंकको खाताबाट बैंकको खातामा रकम पठाउन सकिने भएको हो । हाल नेपालका करिब आधा दर्जन बैंकहरूमार्फत् यो सेवाको प्रयोग गर्न सकिने भएको छ। यसअघिदेखि नै नेपाल भ्रमणमा आउने भारतीयहरूले यहाँ क्युआर मार्फत् भुक्तानी गर्न पाउने सुविधा पाइरहेका थिए । तर नेपालबाट भारत जानेहरूले क्युआर मार्फत् त्यहाँ भुक्तानी गर्न पाइरहेका छैनन् ।

यसका साथै नेपालको आफ्नै आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्लेटफर्म विकासका लागि भारतले प्राविधिक सहयोग गर्ने भएको छ। नेपालको डिजिटल पूर्वाधारलाई बलियो बनाउन काठमाडौँ विश्वविद्यालय र भारतको डिजिटल इन्डिया भाषिणी विभागबिच एउटा समझदारी पत्र (एमओयू) मा समेत हस्ताक्षर भएको हो ।

यस अन्तर्गत नेपालका लागि भ्वाइस फस्ट, भाषा अनुवाद प्लेटफर्म र राष्ट्रिय डिजिटल पूर्वाधारको विकास गरिनेछ । यसले नेपालमा एआई प्रविधिको प्रयोग र स्थानीय भाषाहरूको डिजिटल पहुँचमा ठुलो मद्दत पुऱ्याउने विश्वास छ ।

दुई मन्त्रीहरूबिच व्यापार, कनेक्टिभिटी, ऊर्जा साझेदारी (विशेष गरी जलविद्युत), शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन र खेलकुदका क्षेत्रमा पनि विस्तृत छलफल भएको थियो। दुवै पक्षले खुला सीमाको सुरक्षा कायम राख्दै आपसी हितका लागि मिलेर काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

# रक्सीमाथि प्रतिबन्ध लगाउनुपर्छ : महेन्द्र यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता एवम नेपाल भारत युवा संघका केन्द्रिय अध्यक्ष महेन्द्र यादवले रक्सीमाथि प्रतिबन्ध लगाउने कानुन ल्याउन सरकारसँग माग गरेका छन् ।

आईतबार नेपाल भारत युवा संघ, धनुषाद्वारा जनकपुरधाममा आयोजित लागू औषध विरुद्ध जनचेतना अभियान कार्यक्रममा बोल्दै केन्द्रिय अध्यक्ष यादवले भारतको विहार सरकारले लागु गरेको कानुन नेपाल सरकारले पनि लागु गर्न आवश्यक रहेको बताए ।

उनले मधेश प्रदेशमा विशेष गरी सीमा क्षेत्रमा व्यापक लागू औषध सेवन गर्ने युवाहरुको संख्या बढ्दै गएकोले प्रदेश सरकारले यसलाई पूर्णतः नियन्त्रण गर्न कानुन निर्माण गर्नु पर्नेमा जोड दिए । यादवले रक्सी सेवन गर्ने मान्छेले आफूसहित आफ्नो परिवार, समाज र राष्ट्रलाई नै बर्बाद गर्ने गरेको बताए। उनले रक्सीबाट सरकारले उठाउने कर भन्दा त्यसको सेवन गरेर विरामी परेपछि सरकारले स्वास्थ्य उपचारमा गर्ने खर्च बढी रहेको जानकारी दिए ।

कार्यक्रममा मधेश प्रदेशका खानेपानी तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीले सीमानाकामै गएर लागू औषधविरुद्धको अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए। उनले युवाहरुमा लागूऔषध सेवनको लत देशको भविष्यमाथि नाकारात्मक असर पार्ने भएकोले यसलाई नियन्त्रण गर्न सम्वेदनशिल भएर लाग्नुपर्ने बताए।

कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थीहरुलाई लागू औषध सेवनको सिकार हुने देखि त्यसबाट पर्ने असर र कानुनमा रहेका सजायहरुबारे जानकारी गराइएको थियो । नेपाल भारत युवा संघ, धनुषाका अध्यक्ष डा. बजरंग यादवले एक जना विद्यार्थीले कम्तीमा १० जना अन्य विद्यार्थी वा समाजका व्यक्तिलाई आगू औषध सेवनबाट हुने समस्या र कानुनमा उल्लेखित सजायहरुबारे जानकारी गराउनु आग्रह गरेका थिए । उनले स्वयम सचेत नभएसम्म लागूऔषधविरुद्धको अभियान सफल हुन नसक्ने उल्लेख गरे ।

कार्यक्रममा मधेश प्रदेशका सांसद कुमरकान्त झाले अनियन्त्रीत रक्सी बेचविखनलाई कानुन बनाएर नियन्त्रण गर्नुपर्नेमा जोड दिए। उनले भारतमा सरकारले तोकेको पसलबाट मात्र रक्सी खरीद गर्न सक्ने व्यवस्था रहेको जानकारी गराए । उनले हाम्रो समाजमा किराना पसलदेखि खाजा पसलसम्ममा रक्सी विक्रि हुनेगरेका कारण यसलाई नियन्त्रण र नियमन गर्न आवश्यक रहेको बताए। भारत जस्तै सरकारले नेपालमा पनि रक्सी विक्री वितरणमा कडाई गर्नु पर्ने सांसद झाको भनाई थियो ।

कार्यक्रममा डा.रवीन झाले लागू औषध सेवनले स्वास्थ्यमा पर्ने असरहरुबारे विद्यार्थीहरुलाई जानकारी गराएका थिए । लागू औषधको लत कसरी लाग्छ, लागेपछि देखिने दिर्घकालिन असर हरुबारे डा. झाले बताएका थिए।

कार्यक्रममा मुस्कान सुधार केन्द्रका सञ्चालक सञ्जय ठाकुरले लागू औषधमा परेकाहरु अपराधी नभई रोगी रहेको धारणा राखेका थिए । उनले सुधार केन्द्रहरुमा लागू औषध सेवनकर्तालाई राखेर उनीहरुको लत छुटाउन सकिने जानकारी दिए।

कार्यक्रममा धनुषा प्रहरीका डिएसपी मधुसुधन न्यौपानेले लागूऔषध सेवन गर्नेहरुका लागि कानुनमा कम्तिमा ३ महिना हिरासतमा राखेर अनुसन्धान गर्ने उल्लेख भएको जानकारी दिए। उनले यो तीन महिना हिरासतमा राख्ने मुख्य कारण उनीहरुलाई लागू औषध सेवन गर्ने बानिबाट टाढा राख्नु पनि रहेको बताए।

# बयलगाडामा किचिएर बालकको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा । बयलगाडा (गोरुगाडा) ले किचेर सर्लाहीको बरहथवा नगरपालिका-१६,बैरहरियामा एक बालकको मृत्यु भएको छ।

स्थानीय खैरु पण्डित कुम्हालले घरबाट खेततर्फ चलाएर लाँदै गरेको बयलगाडाले किच्दा सोही ठाउँका कृष्ण कुम्हालका छोरा नौ वर्षीय सुभास कुम्हालको मृत्यु भएको जनाइएको छ।

बयलगाढामै सवार बालकलाई बयलगाडाबाट लडेर खिच्दा मृत्यु भएको प्रहरीले जनाएको छ। बयलगाडाबाट लडेर किच्दा गम्भीर घाइते भएका बालकलाई नगर अस्पताल बरहथवामा प्राथमिक उपचारपछि थप उपचारका लागि वीरगन्ज न्युरो अस्पताल पर्सा लगिएको थियो।

बालकको उपचारका क्रममा शनिबार राति १० बजेतिर सोही अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमले जानकारी दिएका छन्। डीएसपी गौतमका अनुसार बयलगाडा चलाउने खैरु पण्डित कुम्हालको खोजी भइरहेको छ।

# वडाध्यक्षसहित पांचजनाविरुद्ध जाहेरी दर्ता

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको गौशाला नगरपालिका-१२ का वडाध्यक्ष सहित पांच जनाविरुद्ध पररियास्थित निर्माणाधीन इनारमा काम गर्ने क्रममा निसास्सिएर एक युवकको मृत्यु भएको घटनामा कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जाहेरी दर्ता गरिएको छ।



सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ निवासी चन्द्रप्रकाश महतोले आफ्ना २१ वर्षीय छोरा बसन्त कुमार कुशवाहाको मृत्यु लापरवाहीका कारण भएको आरोप लगाउँदै इलाका प्रहरी कार्यालय गौशालामा जाहेरी दिएका हुन् ।

जाहेरी अनुसार निर्माणाधीन इनारभित्र रुखको जरा काट्ने क्रममा प्रयोग गरिएको मेसिनबाट निस्किएको धुवाँका कारण बसन्त कुमार कुशवाहा निसास्सिएर बेहोस भएका थिए । गम्भीर अवस्थामा रहेका उनलाई तत्काल उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

पीडित परिवारले गौशाला नगरपालिका-१२ का वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी कसुरमा जाहेरी दर्ता गराएको छ । परिवारले इनारभित्रको जोखिमबारे जानकारी हुँदाहुँदै पर्याप्त सुरक्षा सतर्कता नअपनाई काममा लगाइएको तथा गम्भीर लापरवाहीका कारण युवकको ज्यान गएको आरोप लगाएको छ।

इलाका प्रहरी कार्यालय गौशालाले जाहेरी दर्तापछि घटनाको अनुसन्धान प्रक्रिया अघि बढाइएको जनाएको छ। प्रहरीका अनुसार पोस्टमार्टम प्रतिवेदन, घटनास्थल मुचुल्का, प्रत्यक्षदर्शीको बयान तथा अन्य प्रमाणका आधारमा घटनाको विस्तृत अनुसन्धान भइरहेको छ। पीडित परिवारले घटनामा संलग्न दोषीमाथि कानुनी कारबाही गर्न र उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ।

# सुरक्षित आवास प्रवर्द्धनमा युवाको सहभागिता

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टी मुसरहिया ३ तुल्सीयाही चमरटोलीमा दलितहरुका लागि उपचारित बाँसबाट निर्माण भइरहेको घरहरुको इन्जिनीयरिङ्ग अध्ययनरत विद्यार्थी तथा शिक्षकहरुले सहभागिता जनाएका छन् ।

सुरक्षित आवास कार्यक्रम अन्तर्गत हेविटेट फोर ह्युमिनिटी नेपाल र मुखियापट्टी मुसहरनिया गाउँपालिकाको सहयोगमा सामुदायिक सुधार केन्द्र (सीआईसी) निर्माण भइरहेको उपचारित बाँसको घर कसरी निर्माण भइरहेको कतिको सुरक्षित छ भन्ने बारे सहभागी विद्यार्थीहरुले निरिक्षण गर्दै निर्माण कार्यमा सहभागिता जनाएको हो।




दिगो आवास अभ्यासहरू प्रवर्द्धन गर्न युवा संलग्नता भन्ने कार्यक्रममा सहभागी सेन्ट्रल इन्जिनियरिङ कलेजका २० जना विद्यार्थी, दुई जना शिक्षकले उपचारित बाँसको भौतिक साधनको रुपमा प्रयोग बारे जानकारी लिएका थिए।

सो कार्यक्रमको उद्देश यबारे कार्यक्रम संयोजक विरेन्द्र लाल कर्णले प्रकाश पारेका थिए भने भौतिक निर्माण र प्रक्रिया बारे साइट इन्जिनीयर कमलेश यादवले व्याख्या गरेका थिए। कार्यक्रमको क्रममा सहभागी इन्जिनीयर विद्यार्थीहरुले ब्लक निर्माण, बाँसको बती फाड्ने र टाटी ठोक्ने समेत कार्यक्रममा सहभागिता जनाएको थियो।

सो कार्यक्रम अन्तर्गत धनुषाकै गणेशमान चारनाथ नगरपालिकामा दलितहरुका लागि उपचारित बाँसको घर निर्माण भइसकेको छ। त्यहाँ २८ जना दलित परिवारका लागि उपचारित बाँसको सुरक्षित घर निर्माण गरेर हस्तान्तरण गरिसकिएको सीआईसीले जनाएको छ।

# भन्सार छलीका सामाग्री बरामद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको सदरमुकाम मलंगवामा भन्सार छली गरेर नेपाल भित्र्याइएको आशंका गरिएका विभिन्न सामान बरामद गरिएको छ । प्रहरीका अनुसार नियमित गस्ती तथा विशेष सूचनाका आधारमा गरिएको निगरानीका क्रममा मलंगवाका विभिन्न स्थानबाट भन्सार प्रक्रिया पूरा नगरी ल्याइएका सामान फेला पारिएको हो ।

बरामद गरिएका सामग्रीमा दैनिक उपभोग्य वस्तु, लत्ताकपडा, इलेक्ट्रोनिक सामग्री तथा अन्य व्यापारिक प्रयोजनका सामान रहेको प्रारम्भिक अनुमान गरिएको छ। यद्यपि, सम्बन्धित निकायले विस्तृत विवरण संकलन गरिरहेको जनाएको छ।

सुरक्षा अधिकारीहरूका अनुसार सामानसँग सम्बन्धित वैध बिल, भन्सार तिरेको प्रमाण वा अन्य आवश्यक कागजात प्रस्तुत गर्न नसकिएपछि ती सामग्री नियन्त्रणमा लिइएको हो । बरामद सामानको मूल्यांकनपछि कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाइने तयारी गरिएको छ।




मलंगवामा भन्सार छलीका सामान बरामद भएको घटनाले सीमावर्ती क्षेत्रमा सक्रिय अवैध व्यापारिक सञ्जालबारे फेरि गम्भीर प्रश्न उठाएको छ। बरामद सामग्रीको वास्तविक स्रोत, संलग्न व्यक्ति र सम्भावित तस्करी नेटवर्कबारे अनुसन्धान जारी रहेकाले यसको निष्कर्षलाई चासोका साथ हेरिएको छ।

नेपाल-भारत खुला सीमाको सुविधा दुवै देशका नागरिकका लागि सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिले महत्त्वपूर्ण मानिए पनि यही व्यवस्थाको दुरुपयोग गर्दै केही समूहले अवैध कारोबारलाई निरन्तरता दिएको आरोप लाग्दै आएको छ।

तस्करहरूले रातिको समय, ग्रामीण सडक तथा वैकल्पिक मार्ग प्रयोग गरेर सामान नेपाल भित्र्याउने गरेका र त्यसपछि ती सामानलाई बजारसम्म पुऱ्याउन सवारी साधन, गोदाम र स्थानीय सञ्जालको प्रयोग हुने गरेको आशंका गरिन्छ। कतिपय अवस्थामा सामान सानो परिमाणमा विभिन्न व्यक्तिमार्फत ल्याएर पछि एकै ठाउँमा संकलन गरिने प्रवृत्ति पनि देखिएको छ।

व्यापार क्षेत्रका जानकारहरूका अनुसार यस्तो गतिविधिले केवल राजस्व नोक्सानी मात्र होइन, बजारमा अस्वस्थ प्रतिस्पर्धा पनि बढाउँछ। सरकारले आयात नियन्त्रण, राजस्व वृद्धि तथा आन्तरिक उत्पादन प्रवर्द्धनका लागि नीति बनाइरहेका बेला भन्सार छलिका गतिविधि आर्थिक अनुशासनकै लागि चुनौती बन्ने गरेका छन् ।

सुरक्षा निकायले विभिन्न समयमा भन्सार छलीका सामान बरामद गर्दै आए पनि अधिकांश घटनामा सामान मात्रै पक्राउ पर्ने र त्यसका मुख्य योजनाकार तथा कारोबारी कानुनी दायरामा आउन नसक्ने अवस्था रहेको स्थानीयवासीको आरोप छ। स्थानीय अगुवाहरूका अनुसार तस्करी नियन्त्रणका लागि केवल सामान बरामद गरेर मात्र पर्याप्त हुँदैन ।

त्यसमा संलग्न सञ्जाल, लगानीकर्ता, ढुवानीकर्ता र संरक्षण दिने समूहसम्म पुग्न आवश्यक छ। अन्यथा केही दिन चर्चा हुने र फेरि पुरानै गतिविधि दोहोरिने जोखिम रहन्छ । शंकास्पद ढुवानी, गोदाम तथा अवैध भण्डारणस्थलमाथि विशेष निगरानी राखिएको बताइएको छ । प्रहरी स्रोतका अनुसार बरामद सामान कसको हो, कहाँबाट ल्याइएको हो र कसलाई पुऱ्याउन खोजिएको थियो भन्ने विषयमा अनुसन्धान जारी छ। आवश्यक प्रमाण संकलनपछि दोषीमाथि प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने जनाइएको छ।

# प्रहरीले बेवास्ता गरेको आरोप




**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको पिपरा गाउँपालिका ५ मा झुण्डिएको अवस्थामा शव फेला परेको घटनामा मृतक परिवारले हत्या भएको दाबी गर्दै घटना ढाकछोप गर्न प्रहरीले बेवास्ता गर्दै आएको आरोप लगाएका छन ।

गत वैशाख ९ गतेका दिन कपिल दासको स्थानीय चन्देश्वर यादवको आँपको बगैचामा भुण्डिएको अवस्थामा शव फेला परेको थियो । सो घटना आइतवार मृतकका श्रीमति रेखा देवीले जनकपुरधाममा एक पत्रकार सम्मेलन आयोजना गरी आफ्नो श्रीमानले झुण्डिएर आत्महत्या होइन उनको हत्या गरिएको दाबी गरिन् ।

उनले भनिन् 'आफ्नो श्रीमानको उनकै साथीहरु रोशन राउत, राकेश यादव, विवेक यादव र लक्ष्मिनिया देवीले हत्या गरेको हो । घटना बारे प्रहरीमा पटक पटक भन्दा पनि प्रहरीले कुनै चासो नलिई घटना ढाकछोप गर्न आलटाल गर्दै आएको हो ।'

घटना बारे उनले भने 'आफ्ना श्रीमान ती साथीहरुकै लहलहैमा लागू औषध सेवन र मादक पदार्थ सेवन गर्दै आएका थिए। घटनाको दिन पनि बिहान ८ बजे घरबाट निस्केको र डेढ बजेसम्म फोन गर्दा मठिहानीमा छु भनेका थिए । त्यसपछि सम्पर्कविहिन भयो र पछि बेलुका ५ बजेतिर शव आँप बगैचा झुण्डिएको जानकारी पाए। शवको प्रकृति हेर्दा आत्महत्या नभई हत्या नै भएको हो। तर प्रहरीले सामान्य मृत्यु रहेको भनिरहेका छन् ।'

उनले आफूलाई न्याय चाहियो भनेर सरोकारवाला निकायसँग पहल गरिदिन आग्रह गरेकी छिन् । पिडीत परिवारका तर्फबाट मृतकका बुवा कुलदिप दासले पनि वैशाख १० गतेका दिन नै आफ्नो छोराको हत्या भएको भनी जिल्ला प्रहरी कार्यालय महोत्तरीमा निवेदन दर्ता गराएका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८